म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १६४ शुक्रबार, ११ माघ २०८१ ने. सं. ११४५ पोहेलागा 24 January 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## नालामा मृत भेटिए ६० वर्षीय बल

हेटौंडा, १० माघ/हेटौंडा उपमहानगरपालिका-९ स्थित नालामा एक व्यक्ति मृतअवस्थामा फेला परेका छन् । बुधबार साँझ लामसुरेस्थित हेटौंडा सिमेन्ट उद्योगको मोडको नालामा एक व्यक्ति मृतअवस्थामा फेलापरेको मकवानपुर प्रहरी प्रवक्ता प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जनाएका छन् ।

मृतअवस्थामा फेलापरेका व्यक्ति हेटौंडा उपमहानगर पालिका-१३ बस्ने ६० वर्षीय मीनबहादुर बल रहेको जनाइएको छ । घोप्टो परी मृतअवस्थामा स्थानीयले देखेपछि प्रहरीलाई खबर गरेका थिए । शव पोष्टमार्टमको लागि हेटौंडा अस्पतालको शवगृहमा राखिएको घटनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको जनाइएको छ ।

# मुगल सेनालाई हराएको स्मृतिमा गढीको २६२ औं विजयोत्सव

साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ मकवानपुरगढी गाउँपालिकाले माघ १० गते बिहीवार विजयउत्सव मनाएको छ । २ नम्बर वडा कार्यालयको आयोजनामा बिहीवार दरबार परिसरमा विजयउत्सव मनाएको हो ।



देशकै ठूलो मानिने मकवानपुरगढी राज्यमाथि आक्रमण गर्न आएका करिब २५ सय विदेशी सेनाका फौजलाई पृथ्वीनारायण शाहको गोर्खाली सेनाले पराजित गरेको दिनलाई विजयउत्सव मनाइने गरिएको छ । बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले नेपालको नक्शाअंकित संरचनामा राष्ट्रिय झण्डोत्तोलन गर्दै विजयउत्सव मनाइएको हो । मुख्यमन्त्री लामाले देशकै प्रमुख पर्यटकीय गन्तव्यको रुपमा रहेको ऐतिहासिक मकवानपुरगढी दरवार क्षेत्रको संरक्षण एवम् प्रवर्द्धनका लागि बहुवर्षीय गुरुयोजना सुनिश्चित गरेर लैजानुपर्ने बताए ।

गढीको महत्व आफूले बुझेको बताउँदै मुख्यमन्त्री लामाले आर्थिक मामिलामन्त्री हुँदा पनि यहाँको विकासका लागि सहयोग गरेको स्मरण गरे । बागमती प्रदेशका संस्कृति तथा पर्यटनमन्त्री विमल ठकूरीले मकवानपुरढी दरबार जीर्णोद्धारका लागि पटकपटक गरी प्रदेश सरकारले ५ करोड रुयौयाँ उपलब्ध गराएको बताए । मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामास्याङतानले आगामी वर्षदेखि अझै व्यवस्थित र भव्य तरिकाले विजयउत्सव मनाउने बताए । मकवानपुरगढीलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न तीनै तहको सरकारबीच समन्वय आवश्यक रहेको अध्यक्ष लामाको भनाई छ ।

मकवानपुरगढी-२ का वडाध्यक्ष बखानसिंह पाखिनले गढी दरबारको ऐतिहासिक पृष्ठभूमि तथा यो क्षेत्रको विकासका लागि भइरहेका गतिविधिबारे जानकारी गराए । पुरातत्व विभागसँगको समन्वयमा दरबारक्षेत्रको जीर्णोद्धारका काम भइरहेको भन्दै पाखिनले प्रदेश तथा संघीय सरकारसँगको समन्वयमा थप कार्य भइरहेको बताए । नेपालका १०० उत्कृष्ट पर्यटकीय गन्तव्यमा मकवानपुरगढी पनि रहेको उल्लेख गर्दै उनले पर्यटकको सुविधाका लागि होमस्टेमार्फत् सरल आवासको व्यवस्थापन भइरहेको बताए ।

नेपाल सरकारले देशका एक सयवटा महत्वपूर्ण गन्तव्यभित्र मकवानपरगढीलाई पनि समेटेको छ । हाल पुरातत्व विभागसँगको समन्वयमा गढी दरबारक्षेत्रको जीर्णोद्धारकार्य भइरहेको छ । कार्यक्रममा बागमती प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठ, मध्यपृतना मुख्यालय हेटौंडाका निमित्त पृतनापति सुवासजंग थापा, गोरखगणका गणपति नीरञ्जन धामी, मकवानपुरगढीका वडा अध्यक्षहरु भागवत घिमिरे, अर्जुन तिमल्सिना, आइतसिं लो, कृष्णप्रसाद बजगाईं, दिपेश दाहाललगायतको आतिथ्यता थियो ।

**इतिहासमा माघ १०**

माघ १० गते अर्थात २६१ वर्ष अघि मुगल सैनिकबाट गोर्खालीमाथि गरिएको आक्रमणको पथप्रदर्शक पराजित सेन राजा दिग्वन्धन सेन थिए । मिरकासिमसँग वार्ता मिलेपछि युद्ध गर्न बंगाली सेनाको फौज सहित दिगवन्धन सेन मकवानपुरगढीतर्फ लागे ।

राजा दिग्वन्धन सेन चुरियासम्म आएर पछि हटे । चुरियाडाँडा काटेर १८१९ पुस २७ गते मीर कासिमको फौजले हर्नामाडीचौकी आक्रमण गरे । यो आक्रमणमा करिब ३ हजार फौजी खटाइएको थियो । यसरी आक्रमण गर्न आएको कुरा दहचोकगढीमा बसेका राजा पृथ्वीनारायण शाहलाई रातारात खबर पुग्यो । त्यसबखत पृथ्वीनारायण शाह शिखरकटेरी गैरीगाउँबाट मकवानपुरगढी चढ्नको लागि सजिलो बाटो बनाईरहेका थिए ।

यसैबीच गोर्खाली सेनाहरु गएर मिर कासिमको फौजमाथि ढुङ्गा मुढा बर्साए । कोही क्याम्पमै र कोही भारी बोकेर गढीतर्फ आइरहेको देखेर गोर्खालीका सेनापति नहरसिंह बस्न्यात, केहलर सिंह बस्न्यात, वंशराज पाँडे, जीव शाह, हर्क पन्त, रामकृष्ण कुँवरको नेतृत्वमा गोर्खालीले शिखरकटेरी माथिबाट ढुङ्गामुढा बर्साए ।

युद्ध हुँदै जाँदा वि.स १८१९ माघ १० गते भएको अन्तिम लडाईमा मिर कासिमका नायव नवाव सेनाको हार भयो । यस युद्धमा मीर कासिमका सत्र सय जवान र गोर्खालीका ३० जना सेनाको मृत्यु भएको थियो । युद्धबाट गोर्खालीलाई ५ सय बन्दुक, २ तोप, बारुद, गोला लाभ भएको थियो । गोर्खालीले बिदेशी सैनिकमाथि विजय प्राप्त गरेकोले मनोबल उच्चभएको थियो । मुगललाई गोर्खालीबाट पराजित गरेपश्चात राजा पृथ्वीनारायण शाहबाट मकवानपुरगढीमा पहिलो बिजयउत्सव मनाइएको थियो । सोही दिनलाई ऐतिहासिक दिनको सम्झनामा माघ १० गते विजयउत्सव मनाउने गरिन्छ ।

# बागमतीमा डेढ वर्षभित्र ५ सहकारी समस्याग्रस्त घोषणा



साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ बागमती प्रदेश सरकारले विगत डेढ वर्षको अवधिमा ५ वटा सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गरेको छ । बचतकर्ताको उजुरी तथा गुनासो, संस्थामा आएको वित्तीय संकटलाई आधार बनाएर प्रदेश सरकारले समस्याग्रस्त सहकारी घोषणा गरेको बताइएको छ ।

सहकारीलाई समस्याग्रस्त घोषणा गरेर प्रदेश सरकारले गठन गरेको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले काम गरिरहेको छ । २०८० सालदेखि २०८१ पुससम्म ५ वटा सहकारीलाई समस्याग्रस्त घोषणा गरिएको हो । साविकको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयले सिभिल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड र काठमाडौंको कीर्तिपुरस्थित दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई समस्याग्रस्त सहकारी घोषणा गरेको हो ।

साविकको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय र सामाजिक विकास मन्त्रालय विभाजन भएर बनेको नवगठित सहकारी तथा गरिबी निवारण मन्त्रालयले ललितपुरको सुमेरु सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, काठमाडौंको नेशनल नमोबुद्ध बचत तथा ऋण सहकारी लिमिटेड र ललितपुरको लालीगुँरास बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई समस्याग्रस्त घोषणा गरेको छ ।

गत भदौ २१ मा पहिलो पटक सिभिल सहकारी, २०८१ कात्तिक ११ मा दर्शन सहकारी र पुस २८ मा नेशनल नमोबुद्ध, लालीगुँरास र सुमेरु सहकारीलाई समस्याग्रस्त घोषणा गरिएको हो । समस्याग्रस्त घोषणा गरिएसँगै नेशनल नमोबुद्ध र लालीगुँरास सहकारीमा प्रदेशको समस्याग्रस्त सहकारी व्यवस्थापन कार्यालय काठमाडौंले शिल गरिसकेको छ । कार्यालयले सहकारीको आयव्ययको अवस्था जाँचबुझ गर्न कम्प्युटरका हार्डडिक्स नियन्त्रणमा लिएर खाता रोक्का गरिसकेको छ ।

गत २८ पुसमै समस्याग्रस्त घोषणा गरिएको सुमेरु सहकारीमा कार्यालयले हालसम्म शिल गर्न सकेको छैन । एउटै नामका ३ सहकारी देखिएको र यो विषय मिलाउनु पर्ने भएकाले सुमेरु सहकारीमा शिल गर्न कठिन भएको बताइएको छ । काठमाडौं, ललितपुर र काभ्रेमा सुमेरु सहकारी रहेका तथा ललितपुर र काठमाडौंको सुमेरु सहकारीले एकीकरणको सम्झौतासमेत भएकाले शिल गर्न समस्या भएको हो । कार्यालयका प्रमुख महेश आचार्यका अनुसार समस्याग्रस्त सुमेरु सहकारीको विवाद समाधान भएको र बिहीबार शिल गरी आवश्यक कागजात तथा सिस्टम सिज गरिनेछ ।

सोही अनुसार हेटौंडामा छलफल भइ हाललाई ललितपुरको सुमेरु सहकारीमा शिल गर्ने तयारी रहेको उनले बताए । एकीकरणको सहमति भए पनि कारोबारको विवरणमा संलग्नता नरहेकाले काठमाडौंको सुमेरु सहकारीमा शिल नगर्ने निर्णय भएको आचार्यको भनाइ छ । तत्कालका लागि ललितपुरको सुमेरु सहकारीमा शिल गर्ने र अनुसन्धानको क्रममा संलग्नता देखिए काठमाडौंको सुमेरुमा पनि शिल गरेर अघि बढ्ने निर्देशन प्राप्त भएको उनले बताए ।

# हेटौंडाको १ नम्बर वडालाई आज बालमैत्री घोषणा गरिने

साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ हेटौंडा उपमहानगरपालिकाको १ नम्बर वडालाई आज शुक्रबार बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिने तयारी पूरा भएको छ ।

हेटौंडा-१ ले निकृष्ठ बालश्रममुक्त, बालविवाहमुक्त तथा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने तयारी पूरा भएको वडाअध्यक्ष सविन न्यौपानेले जानकारी दिए । न्यौपानेका अनुसार 'बालबालिकामा लगानी, सुनिश्चित भविष्यको थालनी' भन्ने नाराकासाथ वडालाई बालमैत्री वडा घोषणा गर्न लागिएको हो । बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा मुलसमारोहका संयोजक समेत रहेका उनले स्थानीय शासन घोषणा गर्न आवश्यक ५१ वटा सूचकमध्ये केही सूचक पूरा भइसकेको र केही पूरा हुने क्रममा रहेको बताए ।

यस वडामा सामुदायिक, सँस्थागत र बालविकास केन्द्रसहितका ६ वटा विद्यालय संचालनमा छन् । साथै समुदाय स्तरमा १८ वटा बालसमूह, र १ वडा बालसञ्जाल रहेको छ । जसमा ३ सय ६३ जना बालबालिका आवद्ध छन् । यस अभियानमा ८ बालविवाह रोकिएको छ भने विभिन्न बाल श्रमिकको उद्दार गरी पारिवारिक मिलन गरिएको छ ।

वडामा बालअधिकार समिति, बालसमूह, बालसमूह सञ्जाल, टोलविकास सस्था, युवा क्लब, आमा समूह, वन समूह साथै विभिन्न सामुदायिक सस्थाहरु क्रियाशील छन् । यो वडालाई यसअघि पूर्णखोप वडा, पूर्णसाक्षर वडा र खुल्ला दिसामुक्त वडा घोषणा गरिसकिएको छ । १९ वटा वडा रहेको हेटौंडा उपमहानगर पालिकामा पछिल्लो समयमा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा हुने क्रम बढ्दो छ ।

# हेटौंडा जेसीजको महासचिवमा न्यौपाने मनोनित

साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ हेटौंडा जेसीजको महासचिवमा संजयकुमार न्यौपाने मनोनित भएका छन् । उनी बुधबार हेटौंडामा सम्पन्न हेटौंडा जेसीजको पदस्थापन कार्यक्रमबाट वर्ष २०२५ का लागि महासचिव मनोनित भएका हुन् ।

यसअघि हेटौंडा जेसीज वर्ष २०२४ को शाखासम्पादक रहेका उनलाई हेटौंडा जेसीजका नवनिर्वाचित अध्यक्ष पंकजदास बानियाँले महासचिवमा मनोनित गरेका हुन् । यस्तै, गत पुस १३ गते हेटौंडा जेसीजको अधिवेशन सम्पन्न भएको थियो । उनले आफूलाई महा सचिवको जिम्मेवारी दिनको लागि भूमिका खेल्ने सबैमा धन्यवाद ज्ञापन गर्दै आफ्नो कार्यकालमा जेसीजको मूल्य र मान्यतालाई आत्मसात गर्दै संस्थाको हितमा काम गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले संस्थाको उद्देश्य अनुरुप सवैक्षेत्रका युवालाई समेटेर युवाको नेतृत्व तथा व्यक्तित्व विकासमा विशेष जोड दिइने बताए ।

# स्मारकमा झण्डोत्तोलन गरेर सहिद दिवस सुरु



साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ हेटौंडा-११, स्थित सहिदस्मारक विकास समितिले हरेकवर्ष झैं यो वर्ष पनि विभिन्न कार्यक्रम गरेर साताव्यापी रुपमा सहिद दिवश मनाउँदैछ । सहिद दिवस-२०८१ का अवसरमा पहिलो दिन बिहीबार सहिदस्मारक परिसरमा झण्डात्तोलन गरिएको छ ।

सहिद दिवस-२०८१ का अवसरमा स्मारक परिसरमा ६५ फिट अग्लो पोलमा २२ फिट लामो राष्ट्रिय झण्डा फहराइएको स्मारक विकास समितिका सचिव रघुनाथ खुलालले जानकारी दिए । स्मारक विकास समितिका अध्यक्ष एवम् बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले सप्ताहव्यापी कार्यक्रमअन्तरगत पहिलो दिन झण्डोत्तोलन गरेको खुलालले बताए ।

समितिले सप्ताहव्यापी रुपमा माघ१० गतेदेखि १६ गतेसम्म विभिन्न कार्यक्रम गर्ने सचिव खुलालले बताए । उनले दिवसका अवसरमा पहिलो दिन सहिद स्मारकमा राष्ट्रिय झण्डा फहराइएको हो । माघ ११ गते सहिद सप्ताहको औपचारिक शुभारम्भ, माघ१२ गते स्मारक परिसरमा सरसफाई, माघ १३ गते रक्तदान, माघ १४ गते प्रथम सहिद लखन थापा वाटीका हेटौंडा-१२ मा श्रद्धान्जली कार्यक्रम आयोजना हुने उनले जानकारी दिए ।

माघ १५ गते मदन भण्डारी फाउण्डेशनको व्यवस्थापनमा लोकतन्त्र प्राप्तिका लागि राजनीतिक दलको भूमिका विषयक नगरस्तरीय वक्तृत्वकला प्रतियोगिता, शिक्षक दौड र महिला शिक्षकको स्लो स्कुटर प्रतियोगिता आयोजना हुने उनले बताए । सप्ताहव्यापी कार्यक्रमको अन्तिम दिन माघ १६ गते प्रभातफेरी, सहिदप्रति सलामी, सम्मान तथा पुरस्कार वितरण र समापन कार्यक्रम हुनेछ ।

**सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# बेवारिसे शीतभण्डार

सरकारलाई एक करोड लागतको १० वटा आफ्ना पूर्वाधारका योजना निर्माण गर्न कति वर्ष लाग्ला, १, २ वा ३ वर्ष? बागमती प्रदेशले २०७५/७६ सालमै सुरु गरेको एउटा योजना ६ वर्ष लागिसक्दा पनि पूरा गर्न सकेको छैन । आलुलगायतका मौसमी, बेमौसमी तरकारी भण्डारण गर्न निर्माण गरिएको शीतभण्डारको योजना कतै निर्माण सकिएर पनि बन्दै त कतै निर्माण नै अधुरो अवस्थामा रहेका छन् । शीतभण्डार निर्माण सुरु गरेयता मात्रै बागमतीमा ५ पटक सरकार फेरबदल भइसकेको छ । तर, शीतभण्डार निर्माण योजनाले पूर्णता पाउन सकेको छैन । निर्माण सकिएका शीतभण्डार पनि बेवारिसे बनेका छन् । शीतभण्डार मौसमी तरकारी र फलफूललाई सुरक्षितरुपमा भण्डारण गरी किसानले बजारमा माग बढेको समयमा बिक्री गर्नका लागि सहजता ल्याउन यो योजना कार्यान्वयनमा लगिएको थियो । प्रदेश सरकारले स्थानीय तह, स्थानीय सहकारी र निजीक्षेत्रको साझेदारीमा विभिन्न जिल्लामा एक अर्ब ६ करोडका १० शीतभण्डार ६ वर्षदेखि निर्माण सुरु गरेको थियो । तीमध्ये ६ वटा शीतभण्डार निर्माण भएर बन्द अवस्थामा र ४ वटा निर्माण पूरा हुने चरणमा छन् ।

जग्गा उपलब्ध नहुँदा २ वटा शीतभण्डारको निर्माण अझै सुरु हुन सकेको छैन । प्रदेश सरकारले दोलखा, काभ्रे, मकवानपुर, रसुवा, नुवाकोट, धादिङ, चितवन, सिन्धुली र रामेछापमा शीत भण्डार निर्माण गरेको हो । नुवाकोटमा २, दोलखामा २ र अन्य जिल्लामा एक/एक वटा शीतभण्डार निर्माणको ६ वर्षअघिबाटै भएको प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ । पहिलो चरणमा सिन्धुपाल्चोकको लिसंखुपाखर र इन्द्रावती, दोलखाको जिरी, नुवाकोटको रामेछापको मन्थली, सिन्धुलीको सुनकोशी, रसुवाको कालिकामा शीतभण्डार बनाउने काम थालिएको थियो । दोस्रोचरणमा चितवनको खैरहनी र धादिङको बेनीघाटमा र तेस्रो चरणमा नुवाकोटको विदुर र बेलकोटगढीमा शीतभण्डार निर्माण अघि बढेको थियो । मकवानपुरको थाहा नगरपालिकामा भने स्थानीय तहले नै निर्माण र सञ्चालनको सम्पूर्ण जिम्मा लिएको थियो । सोही अनुसार थाहा नगरपालिकालाई प्रदेश सरकारले अनुदान उपलब्ध गराएको थियो । दोलखाको भीमेश्वर र काभ्रेको बनेपामा भने जग्गा छनोटको काममा समस्या भएपछि निर्माणकार्य अघि बढ्न सकेन । पहिलो र दोस्रोचरणमा प्रदेश सरकारले शीतभण्डार निर्माणका लागि इजी इन्फ्रा प्रालिसँग र तेस्रो चरणमा निर्माण हुने शीतभण्डारका लागि रसुवा कन्ट्रक्सनसँग सम्झौता गरेको थियो । बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले विगतको सरकारले शीतभण्डार योजना कार्यान्वयन चरणमा साझेदार संस्था छनोटमा गल्ती गर्दा समस्या भएको बताए । साझेदारी अनुसारको रकम बेहोर्न नसक्ने संस्थालाई समेटेकाले हाल व्यवस्थापनमा समस्या भएको उनले बताए । कृषिमन्त्री प्रकाश श्रेष्ठले विगतको सरकारले कार्यक्षेत्रमा नगई योजना बनाउँदा कमजोरी भएको बताए । उनले केही समस्या र विवादकाबीच शीतभण्डार सञ्चालनमा ल्याउन पहल गरिरहेको बताए ।

कृषि मन्त्रालयका सचिव विनोदकुमार भट्टराईले शीतभण्डार सञ्चालनमा ल्याउन कठिन रहेको बताए । एकै प्रकृतिको काम प्रदेश सरकारले फरक-फरक रणनीतिमा सञ्चालन गरेकाले व्यवस्थापकीय जटिलता देखिएको उनको भनाइ छ । सरकारले विगतमा मापदण्ड अनुसार साझेदार संस्था छनोट गर्न नसक्दा कतिपयमा सबै लगानी आफैंले बेहोर्नुपरेको उनी बताउँछन् । १० वटा शीतभण्डार निर्माणका लागि १ अर्ब १७ करोड ३० लाख ५१ हजार रुपैयाँ लागत अनुमान रहेकोमा १ अर्ब ४ करोड ९३ लाख ९६ हजार रुपैयाँमा प्रदेश सरकारले ठेक्का सम्झौता गरेको थियो । शीतभण्डार निर्माणमा लाग्ने खर्च प्रदेश र स्थानीय तह/सहकारीको साझेदारीमा क्रमश: ७० र ३० प्रतिशतका दरले लागत व्यहोर्ने तथा प्रदेश र निजीक्षेत्रको साझेदारीमा ५०/५० प्रतिशत रकम व्यहोर्ने सम्झौता भएको थियो । प्रदेश कृषि मन्त्रालयका अनुसार निर्माण भइसकेका र निर्माणकार्य चलिरहेका शीतभण्डारका साझेदारले सम्झौताअनुसार १० करोड १२ लाख ४४ हजार रुपैयाँ भुक्तानी दिन बाँकी रहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ माघ १२ गते शनिबार २५ जनवरी २०२५ । एकादशी, माघ कृष्णपक्ष । पोहेलागा ११४५ ने.सं. । सूर्योदय ६:५६, सूर्यास्त ५:३८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : कामको उचित प्रतिफल पाइनेछ | **तुला** | : प्रेमप्रसंग सुमधुर आदर पाइनेछ |
| **वृष** | : धन आर्जन हुनेछ | **वृश्चिक** | : अधुरा योजना पूरा हुने देखिन्छ |
| **मिथुन** | : काम बन्नाले उत्साह जाग्नेछ | **धनु** | : भाग्योदयको समय रहनेछ |
| **कर्कट** | : दोहोरो लाभ मिल्नेछ | **मकर** | : अध्ययन अध्यापनमा गडबडी हुनेछ |
| **सिंह** | : श्रमबाट प्रशस्त लाभ हुनेछ | **कुम्भ** | : काममा उत्साह बढ्नेछ |
| **कन्या** | : पारिवारिक समस्या आउनसक्छ | **मीन** | : प्रेमको बन्धन कसिनेछ |

# दलीयकरण र दोयम-क्षमताले थलिएको त्रिवि



✍ उज्ज्वल खड्का

नेपालको सबैभन्दा पुरानो र ठूलो त्रिभुवन विश्वविद्यालय दलीयकरणको चरम मारमा परेको छ । त्रिभुवन विश्वविद्यालय राजनीतिक दलहरूको अघोषित सैन्य शिविर जस्तै भएको छ । विश्वविद्यालयमा दलहरूका भ्रातृ संगठनको धर्ना, तालाबन्दी, चन्दा आतंक र तोडफोडको रंगमञ्च बनेको छ । केन्द्रीय क्याम्पसका विभागीय प्रमुखदेखि पदाधिकारी नियुक्तिको प्रमुख आधार दलीय आबद्धता रहेको छ । राजनीतीकरण र देयम-क्षमता (मिडियोक्रिटी) ले थला परेको त्रिविलाई प्राज्ञिकता र मेरिटका आधारमा हुने नियुक्तिले मात्र सुधार गर्न सक्छ । त्रिभुवन विश्वविद्यालयको अहिलेको संरचनाले दोयम क्षमतालाई निरुत्साहित गर्न सक्दैन । व्यापक संरचनात्मक सुधार बाहेक विश्वविद्यालय सुधारका अन्य कुरा फगत गफ साबित भइसकेका छन् ।

मेरिटका आधारमा नियुक्ति भनिए पनि केही समय अगाडि नियुक्त भएका डीन र क्याम्पस प्रमुखहरू भागबन्डाको आधारमा भएपछि यसपटकका नियुक्तिहरू पुराना नियुक्तिको पुनरावृत्तिको निरन्तरता प्रमाणित भइसकेको छ । राजनीतिक दलमा नलागेका र तिनका प्राध्यापक संगठनका नेता नभएका प्राध्यापकहरूलाई त्रिभुवन विश्वविद्यालयमा काम गर्न अप्ठ्यारो अवस्था छ । सरकारको उदासीनता र दलहरूको आक्रामकताका बीच त्रिभुवन विश्वविद्यालयको उन्नयन सम्भव छैन ।

प्रधानमन्त्री कुलपति रहेको विश्वविद्यालयको सबैभन्दा उपल्लो निकाय त्रिवि सभा (सिनेट)मा केही सिनेटहरूको अमर्यादित प्रस्तुतिले विषयको गम्भीरतालाई बुझ्न सकिन्छ । त्रिभुवन विश्वविद्यालय बहुदलीय प्रजातन्त्रको पुनर्स्थापनादेखि निरन्तर रूपमा दलीयकरणको छायाँमा परेको छ । अझै अगाडि बढेर भन्नुपर्दा राजनीतिक दल र तिनका भ्रातृ संगठनहरू विश्वविद्यालयमा समस्याका स्रोत बनेका छन् ।

आदिम साम्यवादी समाजदेखि सिलिकन भ्यालीलाई बुझ्ने, ग्रामीण अनौपचारिक अर्थतन्त्रदेखि ब्रेटन वुड इन्स्टिच्युसनलाई नियाल्न सक्ने, धर्म संस्कृतिदेखि प्रविधि बुझ्ने जनशक्ति निर्माणको जग विश्वविद्यालय हो । प्रत्येक दिन विश्व व्यवस्था आइरहेका उतारचढावहरूले नेपाललाई प्रत्यक्ष-अप्रत्यक्ष प्रभाव पारिरहेको छ । प्रत्येक दिन आउने यस्ता खालका चुनौतीलाई मौलिक ढंगले सामना गर्न बनेका राज्यका निकायहरूलाई नेपाली विश्वविद्यालयहरूले मार्गदर्शन गर्न सकिरहेका छैनन् ।

नेपाल भौगोलिक, सांस्कृतिक विविधताले अत्यधिक सम्भावनाको देश रहेतापनि राजनीतिक कारणहरूले नयाँ पुस्ता र प्राज्ञिक समुदायको उन्नयनलाई अवरोध गरिरहेको छ । आजको आवश्यकता नेपालको अर्थ-सामाजिक परिवेशलाई विश्व अर्थ-सामाजिक व्यवस्थासँग तुलना गर्दै सम्भावना खोजी गर्ने नेतृत्व हो ।

त्रिभुवन विश्वविद्यालय बहुदलीय प्रजातन्त्रको पुनर्स्थापनादेखि निरन्तर रूपमा दलीयकरणको छायाँमा परेको छ । अझै अगाडि बढेर भन्नुपर्दा राजनीतिक दल र तिनका भ्रातृ संगठनहरू विश्वविद्यालयमा समस्याका स्रोत हुन् । त्रिविमा संरचनात्मक तहमा व्यापक र निर्मम सुधारको आवश्यकता छ । राजनीतिक दलहरूले निर्माण गरेका भ्रातृ संगठनहरूको वर्तमान संरचनाले त्रिभुवन विश्वविद्यालयको भविष्यलाई खतरामा पारेको छ । राजनीतिक दल र त्रिभुवन विश्वविद्यालयका मुख्य स्टेकहोल्डरहरू त्रिवि सुधारमा संवेदनशील हुनैपर्छ । दलहरूले विश्वविद्यालयलाई फगत कार्यकर्ता उत्पादन गर्ने थलोको रूपमा लिनु संवेदनशील विषय रहेको छ । विश्वविद्यालय सुधारमा राज्यको संवेदनशीलता देखाइरहेको छैन । प्राध्यापक, कर्मचारी र प्राध्यापकको दलीय आवद्धताले त्रिभुवन विश्वविद्यालय सेन्टर फर एक्सलेन्सीको बाटोमा नभएर सेन्टर फर पोलिटिकल ट्रयापबाट निसासिएको छ । त्रिभुवन विश्वविद्यालय जुन मर्म अनुसार स्थापना भएको थियो त्यो अनुसार अगाडि बढ्न सकिरहेको छैन ।

जतिबेला उपनिवेशहरूको अन्त्य हुँदैथियो नयाँ-नयाँ राज्यहरू निर्माण हुने क्रम चलिरहेको थियो उक्त कालखण्डमा नेपालमा राजनीतिक सम्प्रभुताको बहसले सार्वजनिक बहसका विषय बन्थे त्यही कालखण्डमा नेपालको शैक्षिक सम्प्रभुतालाई समेत ध्यानमा त्रिभुवन विश्वविद्यालय स्थापना भएको हो । उच्च शिक्षाका लागि विश्वविद्यालयको स्थापना तत्कालीन राजनीतिक नेतृत्वले सुझबुझपूर्ण कदम चालेको विषय महत्वपूर्ण छ ।

आधुनिक राज्यको नरम शक्ति विश्वविद्यालयमा केन्द्रित रहेको हुन्छ । वैश्विक अर्थतन्त्र ग्लोबल नर्थतर्फ केन्द्रित हुनुमा विश्वविद्यालयका अनुसन्धानहरू प्रमुख रहेका थिए । औद्योगिक क्रान्तिपछि पश्चिमा राष्ट्रहरूका विश्वविद्यालयमा हुने अनुसन्धान, औद्योगिक राज्यमा चाहिने जनशक्ति, औद्योगिक क्रान्तिताका भएको श्रमजी वर्गमाथि भएको शोषण र प्रभावका विषयमा रहेका व्यापक बहसले पश्चिमा जगतले आजको स्वरूप लिन पुगेको हो । ग्लोबल नर्थबाट ग्लोबल साउथतर्फ अघि बढिरहेको आर्थिक शक्तिले नेपालको महत्व पनि बढ्ने भएको छ । नेपाल पुन: दुई ठूला अर्थतन्त्रको बीचमा अनट्रपोको भूमिकामा रहेर आर्थिक सामाजिक उन्नति हासिल गर्न सक्छ ।

वैश्विक परिवर्तनलाई सूक्ष्म ढंगबाट महसुस गर्न सक्नु र त्यही अनुसार हाम्रो आर्थिक, सामाजिक र राजनीतिक संस्थाहरूको निर्माण गरेर मात्र नेपालले आफ्नो राष्ट्रिय हित हासिल गर्न सक्छ । राष्ट्रिय हित हासिल गर्ने जनशक्ति निर्माण गर्न नेपाली विश्वविद्यालयहरू सक्षम हुन आवश्यक छ । विश्वविद्यालयहरू सक्षम बनाउन अहिलेको संरचनालाई परिवर्तन गरेर सुधारका पहलहरू बढाउन जरुरी छ ।

**बोर्ड अफ ट्रस्टिज मार्फत विश्वविद्यालय सञ्चालन हुनुपर्छ:**

नेपालका विश्वविद्यालयको प्रमुख समस्या उच्च-शिक्षाबारे एकेडेमिक कन्साइन्स भएको बृहद् बुझाइ/समझदारी नभएको राजनीतिक नेतृत्वबाट विश्वविद्यालय सञ्चालन नहुनु हो । प्राज्ञिक संस्थाहरू राजनीतिक संस्थाको छायाँमा पर्नुहुँदैनथ्यो तर नेपालमा त्यो भयो । प्राज्ञिक समुदायद्वारा मार्गनिर्देशित हुने गरी बोर्ड अफ ट्रस्टिज मार्फत विश्वविद्यालयहरू सञ्चालन हुनुपर्छ र प्रधानमन्त्री कुलपति हुने व्यवस्था हटाउनुपर्छ । विश्वविद्यालयलाई राजनीतिक नेतृत्वबाट टाढा राख्दै प्राज्ञिक नेतृत्वबाट सञ्चालन गर्ने हो भने नेपाली विश्वविद्यालयहरूले उन्नयनको बाटो समात्नेमा शंका गर्ने कम ठाउँ रहनेछ । नियुक्तिको प्रक्रियामा दोयम क्षमता भन्दा मेरिटोक्रेसीले ठाउँ पाउनेछ ।

प्राज्ञिक नेतृत्व मार्फत सञ्चालित रहेका विश्वविद्यालयहरूले उत्कृष्टता हासिल गरि रहेका छन् । हार्वर्ड विश्वविद्यालयमा बोर्ड अफ ओभरसिज र हार्वर्ड कर्पोरेसन, नेसनल युनिभर्सिटी अफ सिंगापुर बोर्ड अफ ट्रस्टिज मार्फत सञ्चालित छ । भारतको जवाहरलाल नेहरू विश्वविद्यालय एक्जिक्युटिभ काउन्सिल मार्फत प्राज्ञिक नेतृत्वबाट सञ्चालित छन् ।

**सबैको पहुँच तर कठिन प्रवेश**

विश्वका प्रतिष्ठित विश्वविद्यालयहरूमा विद्यार्थीको प्रवेशलाई कठिन काम मानिन्छ । प्रतिष्ठित विश्वविद्यालयहरूमा मेरिटका आधारमा मात्र विद्यार्थीले प्रवेश पाउँछन् । त्रिभुवन विश्वविद्यालयहरूमा निश्चित संकायहरू बाहेक अन्यमा प्रवेशको सहजताले राजनीतिक समस्या र गुणस्तरमा प्रभाव पारेको छ । आईओई, आईओएमका प्रवेश परीक्षाहरू कठिन हुने भएकाले त्यहाँ तुलनात्मक रूपमा व्यक्ति र संगठनहरूले उत्पन्न गर्ने समस्याहरू कम छन् । मानविकी, व्यवस्थापन र शिक्षा संकायमा रहेको सहज प्रवेशले विश्वविद्यालयको इकोसिस्टमलाई नराम्ररी प्रभावित पारेको छ । सहज प्रवेशले विद्यार्थी विषय विज्ञता हासिल गर्न सक्दैन भने अर्कोतर्फ विश्वविद्यालयको पढाइलाई विकल्पका रूपमा मात्र राखेको पाइन्छ । सहज प्रवेशले हरेक दुई वर्षमा हुने स्ववियु निर्वाचनमा निर्वाचन हुने वर्षमा विद्यार्थीको भर्नादर एक्कासी बढ्ने तर अन्तिम परीक्षामा समावेश नहुने परिस्थिति छ । यदि विश्वविद्यालयले लिने प्रवेश परीक्षालाई कडाइ गर्ने हो र मेरिटका आधारमा प्रवेश गराउने हो भने पढ्नैका लागि मात्र विद्यार्थीहरू विश्वविद्यालय प्रवेश गर्नेछन् ।

**दलीय संगठन खारेजी**

त्रिभुवन विद्यालयमा दलीय प्राध्यापक, कर्मचारी र विद्यार्थी संगठनहरू समस्याका स्रोतका रूपमा स्थापित भएका छन् । दलको दलाली गर्ने प्राध्यापक लगायत कर्मचारी र विद्यार्थी संघ-संगठनहरू आफ्नो कर्तव्यभन्दा बढी नियुक्ति, बढुवा, सरुवा, धर्ना, आन्दोलन र दलीय कार्यक्रमहरूमा बढी सहभागी भइरहेका छन् । विश्वविद्यालयको तलब खाएर दलीय औजारका रूपमा रहेका प्राध्यापक र कर्मचारी संगठनको खारेजी गर्नका लागि राज्य जिम्मेवार बन्नुपर्छ । विद्यार्थी संगठनको हकमा प्रवेश परीक्षामा भएका भ्वाङहरू टाल्ने हो भने नियन्त्रण भइहाल्छन् किनभने सहज प्रवेशले विद्यार्थी संगठनले उद्दण्डता मच्चाइरहन सकेका छन् ।

**भीमकाय संरचनाको पुनरावलोकन**

त्रिभुवन विश्वविद्यालयको भीमकाय संरचनाको पुनरावलोकन आवश्यक भइसकेको छ । राजनीतिक र वित्तीय लाभका लागि त्रिवि नेतृत्व र राजनीतिक नेतृत्वले २०४६ साल र २०६२/६३ पछिको परिवर्तनपछि जसरी कर्पोरेट शैलीमा सम्बन्धनहरू बाँडिए त्यसले त्रिभुवन विश्वविद्यालयलाई नराम्ररी थिचेको छ ।

ठूला क्याम्पसहरूलाई छुट्टाछुट्टै मानित विश्वविद्यालयमा परिणत गरेर सम्बन्धन नदिने गरी मापदण्ड बनाएर त्रिभुवन विश्वविद्यालयलाई भीमकाय संरचनाको भारबाट उकास्नुपर्छ । धेरै मानित विश्वविद्यालयहरू हुँदा कुनै विश्वविद्यालय अरू केहीभन्दा उच्च कोटिका बन्दै जानेछन् र केही विधामा उत्कृष्टता हासिल गर्नेछन् । मानित र स्वायत्त विश्वविद्यालय बनाउन त्रिभुवन विश्वविद्यालय, सरकार, सदन लगायत सबै जिम्मेवार भएर अगाडि बढ्दा उच्च-शिक्षामा परिवर्तनका ढोकाहरू खुल्नेछन् ।

*(साभार: अनलाइनखबर)*

# लेखनको सन्तुष्टि र चुनौती

✍ ज्ञानेन्द्र विवश

लेखन, शब्दहरूको जालो बुन्ने कला हो । यो सिर्जनाको एउटा अद्भुत माध्यम हो, जसले लेखकलाई आफ्ना भावना, विचार र अनुभवहरूलाई शब्दहरूमा उतार्न मद्दत गर्छ । लेखनले लेखकलाई आफ्नै संसार निर्माण गर्न, नयाँ संसारको खोजी गर्न र अरूसँग आफ्ना विचारहरू साझा गर्नको लागि अवसर प्रदान गर्छ । तर लेखनको यो सुन्दर यात्रामा लेखकले विभिन्न किसिमका सन्तुष्टि र चुनौतीहरूको सामना गर्नुपर्छ । लेखनले लेखकलाई अनेकौं किसिमका सन्तुष्टि प्रदान गर्छ । लेखनले लेखकलाई आत्मअभिव्यक्ति सार्वजनिक गर्न प्रेरित गर्छ । यसले लेखकलाई आफ्नो भित्री संसारलाई बाहिर निकाल्न र अरूसँग साझा गर्नको लागि अवसर प्रदान गर्छ । त्यस्तै लेखनले लेखकको रचनात्मक पक्ष निखार्न मद्दत गर्छ । नयाँ विचारहरूको खोजी, कथाको निर्माण र पात्रहरूको विकासजस्ता क्रियाकलापहरूले लेखकको र चनात्मक पक्ष बलियो हुन्छ ।

लेखनले लेखकलाई समाजसँग जोड्न मद्दत गर्छ । राम्रो लेखनले समाजमा सकारात्मक परिवर्तन ल्याउन सक्छ । लेखकको आत्मविश्वासलाई बढाउँदै आफ्ना विचारहरूलाई स्पष्टरूपमा व्यक्त गर्न सक्ने क्षमता विकास गर्छ । लेखनको यात्रामा लेखकले विभिन्न किसिमका चुनौतीहरूको सामना गर्नुपर्छ । त्यसमा प्रथमत: विषयवस्तुको चयन तथा शब्द खोज्ने चुनौती पनि हुन्छ । आफ्ना भावना र विचारहरूलाई सही शब्दहरूमा उतार्नु सजिलो काम होइन । कहिलेकाहीँ लेखकलाई भावनाको सिलसिलाबद्ध यात्रामा सही शब्द खोज्न निकै गाह्रो हुन्छ ।

एक राम्रो लेखक बन्नको लागि निरन्तर अभ्यास र प्रयास आवश्यक पर्छ । लेखन शैलीको विकास गर्न समय लाग्छ । लेखकले आफ्नो लेखनको लागि सकारात्मक र नकारात्मक दुवै किसिमका प्रतिक्रियाहरू पाउँछ । कतिपय पाठकहरूले लेखकको लेखनलाई मन पराउँछन् भने कतिपयले आलोचना पनि गर्छन् । त्यस्तै लेखनको सबैभन्दा महत्वपूर्ण पक्षमध्येको एक सम्पादन हो । आफ्नो लेखनलाई पूर्णता दिनको लागि लेखकले बारम्बार सम्पादन गर्नुपर्छ ।

लेखकले आफ्नो लेखनको लागि विभिन्न किसिमका आलोचना र आरोपहरूको सामना गर्नुपर्छ । कतिपय आलोचनाहरू सकारात्मक हुन्छन् । त्यसले लेखकलाई आफ्नो लेखनलाई सुधार गर्न मद्दत गर्छ । कतिपय आलोचनाहरू व्यक्तिगत प्रहारका लागि गरिएका हुन सक्छन् । लेखकले यस्ता आलोचनाहरूलाई सकारात्मकरूपमा लिन सिक्नुपर्छ ।

लेखकको समाजमा महत्वपूर्ण भूमिका हुन्छ । लेखकले आफ्नो लेखनमार्फत समाजलाई सकारात्मक सन्देश दिन सक्छ । लेखकले समाजका विभिन्न समस्याहरूको बारेमा लेखेर जनचेतना जगाउन सक्छ । लेखकले सत्यको पक्षमा बोल्न सक्छ । लेखकले समाजलाई एकताबद्ध बनाउन सक्छ ।

लेखन एक जटिल र रोमाञ्चक प्रक्रिया हो । यसमा सन्तुष्टि र चुनौती दुवै हुन्छन् । एक सफल लेखक बन्नको लागि निरन्तर प्रयास, धैर्य र समर्पण आवश्यक पर्छ । लेखकले आफ्नो लेखनमार्फत समाजलाई सकारात्मक योगदान दिन सक्छ ।

वास्तवमा लेखन एक पवित्र यात्रा हो । आफ्ना भावना, अनुभव र विचारहरूलाई शब्दहरूमा उतार्ने यो कलात्मक अभिव्यक्तिले हामीलाई अरूसँग जोड्छ । लेखनले हामीलाई आफैंलाई बुझ्न र संसारलाई नयाँ दृष्टिकोणले हेर्न मद्दत गर्छ । लेखनको यो सुन्दर पक्षसँगै यसमा आरोप र विवाद पनि जोडिएका हुन्छन् । लेखनको सन्तुष्टि मात्र होइन, आरोप सहन पनि हामी तयार हुनुपर्छ ।

लेखक हुनु भनेको आफ्ना विचारहरूलाई सार्वजनिक गर्नु हो । जब हामी आफ्ना विचारहरूलाई सार्वजनिक गर्छौं, त्यस बेला हामी अरूको आलोचना र टिप्पणीको निशाना बन्न सक्छौं । हाम्रा विचारहरू सबैलाई मन पर्न सक्दैनन् । कसैलाई हाम्रा विचारहरू मन पर्न सक्छन् भने कसैलाई मन पर्न सक्दैनन् । यो स्वाभाविक हो । तथापि यसको अर्थ यो होइन कि हामीले आफ्ना विचारहरू व्यक्त गर्न डराउनुपर्छ ।

लेखक हुनु भनेको एक्लो यात्रा हो । हामी आफ्ना विचारहरूलाई शब्दहरूमा उतार्न धेरै समय बिताउँछौं । हामी अरूको प्रतिक्रियाको पर्खाइमा बस्छौं । कहिलेकाहीं हामीलाई लाग्न सक्छ कि हामी एक्लै छौं । तर यो सत्य होइन । लाखौं मानिसहरू छन् जसले हाम्रा लेखनहरू पढ्छन् र लेखकलाई बुझ्छन् ।

लेखक हुनु भनेको निरन्तर सिक्ने प्रक्रिया पनि हो । हामी लेखनको माध्यमबाट आफैंलाई निखार्न सक्छौं । हामी अरूबाट सिक्न सक्छौं । हामी आफ्ना गल्तीबाट सिक्न सक्छौं । अन्तत: लेखनले हामीलाई जीवनको अर्थ खोज्न मद्दत गर्छ । सामाजिक उत्तरदायित्व पनि लेखकले बहन गर्नुपर्छ । हामी लेखनको माध्यमबाट समाजलाई सकारात्मक परिवर्तन ल्याउन सक्छौं । हामी समाजका समस्याहरूलाई उजागर गर्न र समाजलाई सचेत बनाउन सक्छौं ।

लेखक हुनु भनेको चुनौतीपूर्ण काम हो । यसमा धेरै उतार-चढाव आउँछन् । यो एकदमै सन्तुष्टिदायी काम पनि हो । जब हामी कुनै राम्रो लेखन सिर्जना गर्छौं, त्यस बेला हामीलाई लाग्छ कि हामीले केही गरेका छौं । हामीले समाजलाई केही दिएका छौं ।

लेखनको यात्रामा हामीलाई धेरै आरोपहरूको सामना गर्नुपर्ने हुनसक्छ । तर हामीले यी आरोपहरूलाई व्यक्तिगतरूपमा लिनुहुँदैन । हामीले यी आरोपहरूलाई सकारात्मक रूपमा लिनुपर्छ । यी आरोपहरूले हामीलाई आफैंलाई सुधार्नको लागि प्रेरित गर्न सक्छन् ।

लेखन एक सुन्दर कला हो । यस कलाको माध्यमबाट हामी आफ्ना विचारहरूलाई संसारसँग बाँड्न सक्छौं । लेखनको सन्तुष्टि मात्र होइन, आरोप सहन पनि तयार हुनुपर्छ । किनभने सत्य बोल्नेलाई सधैं आरोप लाग्ने गर्छ । लेखन समयको दस्तावेज हो । यसले अनुभूतिमय अतीत, वर्तमान र जीवनको कथा बोलिरहेको हुन्छ, लेखिरहेको हुन्छ । समय, जीवनको अदृश्य धार हो, जसले हाम्रो अस्तित्वलाई धारिलो बनाउँदै, इतिहासको पानामा अमिट दस्तावेजहरूको शृंखला लेखिरहेको हुन्छ । समयलाई कसैले देख्न सक्दैन, तर यसको प्रभाव भने अनुभूति गर्न सकिन्छ- क्षण, पल र कालखण्डहरूमा । यसै अदृश्य तत्वले मानव सभ्यता, संस्कृति र जीवनलाई परिभाषित गरेको छ । समयको दस्तावेज भनेको समयले सिर्जना गरेको त्यो अक्षय गाथा हो, जुन हरक्षण लेखिँदै छ ।

समयको दस्तावेज मानवीय अनुभवको संकलन हो । प्रत्येक व्यक्तिले आफ्नो जीवनका क्षणहरूमा अनुभव गरेको सुख, दु:ख, सफलता र असफलताले समयको दस्तावेजलाई भरपूर बनाउँछ । इतिहासका किताबहरू, साहित्यका कृतिहरू र कला-संस्कृतिका अवशेषहरू, सबै समयका दस्तावेजकै रूपमा जीवित छन् । ती दस्तावेजहरूमा समयको स्वरूप, त्यसको गति र त्यसले निम्त्याएको परिवर्तन देख्न सकिन्छ । समय कुनै विशिष्ट रूप वा अवस्था होइन, यो सतत परिवर्तनशील छ । युगहरू परिवर्तन भए, साम्राज्यहरू बने र ढले, तर समयले आफ्नो यात्रा कहिल्यै रोकेन । प्राकृतिक घटना, वैज्ञानिक आविष्कार, राजनीतिक परिवर्तन र सांस्कृतिक आन्दोलनहरू समयका पानामा दर्ज भएका अंशहरू हुन् । यी सबै घटना समयका दस्तावेजहरू हुन्, जसले मानवीय सभ्यताको क्रमिक विकासको कथा सुनाउँछ ।

समयको दस्तावेज विगतको दर्पण मात्र होइन, यो भविष्यको मार्गदर्शन पनि हो । विगतका अनुभव, सफलता र त्रुटिहरूको दस्तावेजले मानिसलाई वर्तमानमा सुधार गर्ने र भविष्यलाई उज्यालो बनाउने प्रेरणा दिन्छ । समयको सही मूल्यांकन नगर्नेहरू आफ्नो जीवनमा गम्भीर असर बेहोर्न बाध्य हुन्छन् । यस दस्तावेजको एउटा अर्को महत्वपूर्ण पक्ष भनेको मानवीय संवेदनालाई अभिव्यक्त गर्ने माध्यमका रूपमा रहेको छ । साहित्य, कविता, चित्रकला र संगीतजस्ता रचनात्मक कार्यहरूले समयका दस्तावेजलाई थप जीवन्त बनाउँछन् । मानव जीवनका भावना, आकांक्षा र संघर्षका आयामहरू यी माध्यमहरूबाट अमर बनाइन्छ ।

समयको दस्तावेज भौतिक र लिखित रूपमै मात्र सीमित हुँदैन । यो हामीभित्र पनि रहेको छ- हाम्रो स्मृतिमा । मानिसको सम्झना, अनुभव र दृष्टिकोण समयको व्यक्तिगत दस्तावेज हो । हामीले कसरी जीवनलाई हेर्छौं, हाम्रो उद्देश्य र सपना के हो, हामीले के सिकेका छौं- यी सबै व्यक्तिगत स्तरमा समयका दस्तावेज हुन् । लेखनका विषय पनि यिनैबाट प्रेरित हुन्छन् ।

अन्तत: समयको दस्तावेज सम्पूर्ण जीवनको सार हो । यो हामीलाई हाम्रो अस्तित्व र यात्राबारे चिन्तन गर्न प्रेरित गर्छ । समयले लेखेका प्रत्येक अक्षरमा मानिसका भावना, संघर्ष र विजयका अध्यायहरू संकलित हुन्छन् । यसलाई पढ्न, बुझ्न र सम्मान गर्न सक्नेहरूले मात्र समयको सही महत्वलाई आत्मसात् गर्न सक्छन् । समयसँगै हामीले पनि यस दस्तावेजमा केही अर्थपूर्ण पृष्ठ थप्न सक्यौं भने, जीवन वास्तवमै सार्थक हुनेछ । जीवनको प्रत्येक पल, अनुभूति र मोड एक दस्तावेजजस्तै हो, जसले समयको कथा बोल्छ । बार्दलीमा उभिएर बाडुली लाग्ने गरी सम्झिनु- यो केवल क्षणहरूको पुनरावृत्ति मात्र होइन । भावनाहरूको उद्वेग हो । कहिलेकाहीँ हामी सोच्छौं, यसरी सम्झिनु हाम्रो धर्म हो कि बाध्यता ? उत्तर स्पष्ट नभए पनि, सम्झनु हाम्रो अस्तित्वसँग गाँसिएको सत्य हो । हरेक मान्छेको जीवनमा अतीत र वर्तमानको सन्तुलन हुन्छ । अतीत गुरुजस्तै हो, जसले अनुभवको पाठ दिन्छ । वर्तमान पाठशाला हो, जहाँ ती पाठहरूलाई व्यवहारमा उतारिन्छ । जब यी दुवै मिलेर अघि बढ्छन्, मानिसको व्यक्तित्व परिपक्व बन्छ । समयको आँधीले ल्याएका र बगाएका ती अनेकौं घटनाहरू हामीलाई सिकाउँदै, सोच्न बाध्य पार्दै, तिनले कति कुरा सम्झिन र भुल्न सिकाउँछन् । जीवनको यात्रा घटनाहरूको सिलसिला मात्र होइन, ती घटनाहरूसँग जोडिएका भावनाहरूको अन्तरयात्रा पनि हो ।

*(साभार: न्यूज अफ नेपाल)*

# २७ वर्षअघि सरकार टिकाउन भएको भ्रष्टाचारको एउटा दुर्लभ उदाहरण



काठमाडौं/सांसदहरू किनबेच गरी सरकार जोगाउन खडा गरिएको सुन तस्करीको नक्कली सुराकी सम्बन्धी घटनामा २१ वर्षपछि भन्सार कार्यालयका तत्कालीन प्रमुख जनार्दन शर्मा दोषी ठहर भएका छन् । घूस लिएको आरोप लागेका तत्कालीन मन्त्री रवीन्द्रनाथ शर्माले यसअघि नै उन्मुक्ति पाइसकेका थिए । २७ वर्षअघिको एक क्विन्टल सुन तस्करीको सुराकीसम्बन्धी घोटालाको जरा मन्त्रीसम्म पुगे पनि अख्तियारले दोहोरो नीति लिँदा सामान्य कर्मचारीलाई कारबाही गरेर घटना टुंगिएको छ । फैसलाअनुसार, कागजात मिलाएर निकालेको एक करोड ७ लाख कमिसन मन्त्रीलाई बुझाएका पूर्वप्रमुख भन्सार प्रशासक जनार्दन शर्माले ९३ वर्षको उमेरमा त्यो रकम अनि अतिरिक्त त्यति नै जरिवाना राज्यकोषमा बुझाउनुपर्नेछ भने उनलाई एक वर्ष कैद सजायको फैसला पनि भएको छ ।

२०५४ सालको घटना सत्तास्वार्थसँग प्रत्यक्ष जोडिएको देखिन्छ । सुनको सुराकी गरेबापतको कमिसन कार्यालय प्रमुखलाई बुझाएका भन्सारका कर्मचारीले अनुसन्धानका क्रममा 'भाग माग्दा हाकिमसापले सांसद किन्न खोजिरहेका मन्त्रीलाई पैसा बुझाउनुभएको' भनी बयानमा पोलेका थिए । सरकार फेरबदल गर्न हुने सांसद खरिदविक्रीका लागि रकम जोहो गर्न हुने भ्रष्टाचारमध्ये अख्तियारले सतहमा ल्याएको यो दुर्लभ घटना हो । मन्त्रीसमेत मुछिएको एक करोड नौ लाख रुपैयाँ रकम हिनामिनाको सो मुद्दालाई सरकार टिकाउन र ढाल्न भएको भ्रष्टाचारको दुर्लभ उदाहरणको रूपमा लिइन्छ ।

२०५४ मंसिर तेस्रो सातातिरको कुरा हो, उत्तर कोरियन दूतावासको एक कर्मचारी सिंगापुर एयरलाइन्सबाट नेपाल आउँदैछन् र उनको साथमा ठूलो मात्राको तस्करीको सुन भित्रिँदैछ भन्ने सुराक आयो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित भन्सार कार्यालयका प्रमुख जनार्दन शर्माले त्यो सुराक तत्कालीन अर्थमन्त्री रवीन्द्रनाथ शर्मालाई तत्काल सम्प्रेषण गरिहाले ।

सुराकीअनुसार निगरानीको काम भयो । २९ मंसिर २०५४ मा सिंगापुर एयरलाइन्सको विमानबाट आएका उत्तर कोरियाली राजदूत भीआईपी गेटबाट निस्किहाले । उनको साथमा रहेका कर्मचारीहरूले अस्वभाविक कठिनाइका साथ गह्रौं सुटकेस लतार्न थाले । दूतावासका कर्मचारीहरूले भीआईपी गेटबाट सुटकेस निकाल्ने प्रयास गरिरहेका थिए । भन्सारका कर्मचारीहरू गएर उनीहरूमाथि केरकार थाले, एक्स-रेमा राखेर हेर्दा सुटकेसमा अस्वाभाविक पोकाहरू भेटियो । पर राष्ट्र मन्त्रालयका कर्मचारी प्रतिनिधिहरू बोलाएर सुटकेस खोल्दा एक क्विन्टल सुन बरामद भयो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत माधवराज पोखरेलको बयानअनुसार, राजदूतको सुटकेसबाट बरामद भएको सुन जोख्दा सय किलो पुगेको थियो । त्यतिबेला एक क्विन्टल सुन बरामद भएको घटनाले काठमाडौं तरंगित हुनु स्वभाविकै थियो । भोलिपल्ट ३० मंसिर, २०५४ मा मन्त्रिपरिषद् बैठकले सुन जफत गर्ने निर्णय गर्‍यो, सुन ल्याउने राजदूतलाई उन्मुक्ति दियो । त्यतिबेला सूर्यबहादुर थापा नेतृत्वको सरकार थियो । भन्सार कानूनमा तस्करीबारे सुराकी दिनेलाई राज्यकोषबाटै कमिसन दिनसक्ने व्यवस्था थियो । एक क्विन्टल सुन तस्करीको सूचना दिएको भनी अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयको सुराकी दर्ता पुस्तिकामा जी।भट्टराई र पी.टी. गर्जको नाम लेखियो ।

प्रमुख भन्सार प्रशासक जनार्दन शर्माले जी.भट्टराई र पी.टी.गर्जका नाममा एक करोड नौ लाख रुपैयाँ भुक्तानी दिने फैसला ९भन्सार कार्यालयले गरेका कतिपय निर्णयहरूलाई फैसला भनिन्छ गरे । लगत्तै अख्तियारमा एक क्विन्टल सुन तस्करीको घटनामा नक्कली सुराकी खडा गरेको उजुरी पर्‍यो । करिव ६ वर्षसम्म अख्तियारले उजुरीमाथि सिन्को भाँचेन, एकैचोटी २०६० सालमा अनुसन्धान अघि बढ्यो ।

त्यतिबेला त्रिभुवन विमानस्थलस्थल भन्सार कार्यालयमा कार्यरत कर्मचारीहरूमध्ये नासु कृपासुर शेर्पा पनि एक थिए । भन्सार कार्यालयबाट सुराकीलाई भुक्तानी भएको चेक काटेका उनी अनुसन्धानमा तानिनु स्वभाविकै थियो । उनले अख्तियारमा गएर 'सुन बरामद भएपछि आफूलाई दुई हाकिमले बोलाएको र नक्कली सुराकी खडा गर्न लगाएको' स्वीकार गरे । शेर्पाका अनुसार, प्रमुख भन्सार प्रशासक जनार्दन शर्मा र प्रमुख भन्सार अधिकृत माधवराज पोखरेलको निर्देशनअनुसार नै दुई नक्कली सुराकीको नाम तयार भएको थियो ।

'सुराकी निवेदन बनाएर ल्याउनु, निवेदकमा एकजना जी भट्टराई राख्नु र अर्कोमा पछि धोका नदिने तिम्रो भरपर्दो मान्छेको नाम राखेर ल्याउनू' नासु शेर्पाले आफ्नो हाकिमको भनाइ उद्धृत गर्दै बयानमा भनेका थिए, 'मैले कक्षा ८ मा पढ्ने छोरा फुर्वा तेन्जिङ शेर्पालाई निवेदन लेखन लगाई छोटकरी नाम पि।टि।गर्ज शेर्पा राखेको निवेदन प्रमुख भन्सार प्रशासक जनार्दन शर्मालाई दिएँ ।'

निवेदनका आधारमा अरु कागजात तयार भयो, कमिसन दिने भरपाइ बन्यो । १४ फागुन, २०५४ मा भन्सार प्रशासक जनार्दन शर्माले शेर्पालाई बोलाए अनि 'रकम जस्ताको तस्तै म कहाँ लिएर आउनु, के गर्नुपर्छ गरौंला' भनी निर्देशन दिए । ठूलो रकम बोक्दा जोखिम हुने देखेर नासु शेर्पा आत्तिए, काम गर्न तयार भएनन् ।

उनलाई आश्वस्त बनाउन भन्सार प्रशासक शर्माले प्रमुख भन्सार अधिकृत माधवराज पोखरेललाई पनि साथै पठाए । पोखरेलले नासु शेर्पालाई गाडीमा हालेर बैंक पुगे । उनीहरूले विमानस्थल परिसरमै रहेको राष्ट्रिय बाणिज्य बैंकको काउन्टरबाट भुक्तानी लिए अनि बिटो गनेर पैसाको झोला गाडीमा हालेर फर्किए । प्रमुख भन्सार अधिकृत माधवराज पोखरेलको बयान अनुसार, बैंकबाट हिडेको गाडी भन्सार कार्यालय पुग्यो, झोला गाडीभित्रै थियो । माधवराज हाकिमलाई भेट्न कार्यकक्षमा छिरे ।

पोखरेलले भने, 'रकम गाडीमा छ, के गर्ने ?'

प्रमुख भन्सार प्रशासक जनार्दन शर्माले भने, 'जसलाई दिनुपर्ने हो म दिउँला ।'

जवाफ पाएपछि प्रमुख भन्सार अधिकृत माधवराज पोखरेल हाकिमको कार्यकक्षबाट निस्किएर ड्युटीमा लागे । त्यसपछिको दुई दिनसम्म पनि जनार्दन शर्मा, माधवराज पोखरेल र नासु शेर्पाबीच पैसाबारे कुरा भएन । शेर्पाले माधवराजसँग गुनासो गरे, माधवराजले गएर जनार्दन शर्मालाई सोधे ।

त्यतिबेला प्रमुख भन्सार प्रशासक जनार्दन शर्माले दिएको जवाफ नै सुन सुराकीको भ्रष्टाचारको जरो मन्त्रीसम्म पुगेको भेउ पाउन पर्याप्त थियो । नासु कृपासुर शेर्पा र प्रमुख भन्सार प्रशासक माधवराज पोखरेलले एउटै व्यहोरामा बयान गरेका छन् । उनीहरूले उद्धृत गरेको बयानमा प्रमुख भन्सार प्रशासक जनार्दन शर्माले भनेका थिए-

'सरकारविरुद्ध अविश्वासको प्रस्ताव पेश भएको छ, सरकार बचाउनु पर्‍यो । खर्च जुटाऊ भनी अर्थमन्त्रीले भन्नुभएको छ, हामीले पनि सहयोग गर्नुपर्छ । यो कुरा अति गोप्य राख्नू, रकम अर्थमन्त्री कहाँ गयो, यसमा (हामीलाई' केही नहुने भयो । पछि अन्य काममा हेरौंला ।'

चेक भुक्तानी लिँदा बैंक काउन्टरमा गएर आफूले नै सही गरेको स्वीकारेका नासु शेर्पाले सबै रकम हाकिमलाई बुझाएको भन्दै त्यत्ति आधारमा आफूमाथि कारबाही गरेर अन्याय नगर्न अनुनय विनय गरे । आफ्नो साक्षी बन्ने शर्तमा अख्तियार उनलाई संरक्षण गर्न तयार भयो । अख्तियारले नासु कृपासुर शेर्पाका छोरालाई पनि झिकायो । पि।टि।गर्ज भन्ने फुर्वा तेन्जिङ शेर्पाले आफूले बाबुको निर्देशन बमोजिम घरमा नक्कली निवेदन तयार गरेको स्वीकारे । अख्तियारले प्रमुख भन्सार अधिकृत माधवराज पोखरेल अनि नासु कृपासुर शेर्पालाई सरकारी साक्षी बनाएर भ्रष्टाचार मुद्दा चलायो ।

नक्कली सुन सुराकी खडा गरेर भ्रष्टाचार गरेको आरोपमा तत्कालीन अर्थमन्त्री रवीन्द्रनाथ शर्मा, प्रमुख भन्सार प्रशासक जनार्दन शर्मामाथि मुद्दा चल्यो । अख्तियारले अर्को फाइल खडा गरेर रवीन्द्रनाथको सम्पत्तिमाथि समेत अनुसन्धान गर्न थाल्यो । अख्तियारको अभिलेखमा रहेको २१ वर्ष पुरानो मुद्दाको कागजात हेर्दा, तत्कालीन मन्त्री रवीन्द्रनाथ शर्माको योजनामा क्विन्टल सुन तस्करीको नक्कली सुराकी खडा गर्ने योजना बनेको देखिन्छ ।

२०५१ सालमा त्रिशंकु संसद् थियो । सरकार बनाउने र ढाल्ने राजनीतिक खिचातानीमा सरकार ढाल्न र नयाँ बनाउन प्रमुख दलका नेताहरू सहजै सांसद खरिदबिक्रीका लागि तयार हुन्थे । त्यसका लागि यस्तै घटनाबाट र कमको जोहो गरिन्थ्यो । यो मुद्दामा जोडिएका भन्सारका दुई कर्मचारीहरूले सांसद किनबेच गर्न त्यो रकम सोझै अर्थमन्त्री रवीन्द्रनाथ शर्मासम्म पुगेको बताएका थिए ।

### सांसद किन्न नक्कली सुराकी

राप्रपा नेता लोकेन्द्र बहादुर चन्दलाई सात महिनामै सिंहदरबारबाट बिस्थापित गरेर सूर्यबहादुर थापा २० असोज, २०५४ मा प्रधानमन्त्री नियुक्त भएका थिए । प्रभावशाली सांसदहरूलाई सहजै मन्त्रीको आश्वासन बाँढेर थापा प्रधानमन्त्री बनेका थिए । कांग्रेस सहितको राप्रपाको संयुक्त सरकारको जम्बो मन्त्रिमण्डलको संख्या ४७ थियो ।

पत्रकार रामकृष्ण भण्डारीले लेखेको पुस्तक 'सत्ता संघर्ष'मा त्यतिबेला सत्ता खिचातानीबारे सविस्तार उल्लेख छ । पुस्तकअनुसार, आफूलाई हठात कुर्सीबाट हटाएकोमा लोकेन्द्रबहादुर चन्दमा प्रतिशोधको पारो दिनप्रतिदिन बढ्दो थियो । त्यसैको असर स्वरुप राप्रपाभित्र चन्द र थापा समूहबीच कलह चर्कंदो थियो । राप्रपा फुट्ने अनि सरकार संकटमा पर्ने देखेपछि प्रधानमन्त्री सूर्यबहादुर थापाले २४ पुस, २०५४ मा प्रतिनिधिसभा विघटन गरे ।

विघटनभन्दा ठिकअघि ९६ जना सांसदले प्रतिनिधिसभाको विशेष अधिवेशन बोलाउन माग गरेर तत्कालीन 'श्री ५' समक्ष समावेदन दिएका थिए । राजाले पत्र पठाएपछि सर्वोच्च अदालतले विशेष अधिवेशनले प्राथमिकता पाउने राय दियो । प्रतिनिधिसभा विघटनको प्रयास विफल भयो ।

३ माघ २०५४ मा चन्द र थापा समूहको खिचातानीले राप्रपा फुटेर दुई टुक्रा भयो । २४ माघमा प्रतिनिधिसभामा प्रधानमन्त्री सूर्यबहादुर थापाविरुद्ध अविश्वासको प्रस्ताव दर्ता भयो । त्यो अविश्वासको प्रस्ताव असफल बनाउन सांसदहरू किन्ने क्रममा तत्कालीन अर्थमन्त्री रवीन्द्रनाथ शर्माले भन्सार प्रशासक जनार्दन शर्मालाई नक्कली सुराकी खडा गरेर रकमको जोहो गर्न लगाएको आरोप छ ।

त्यसपछि २०५४ सालको फागुनतिर भन्सार प्रशासक जनार्दन शर्माले नक्कली सुराकीबापत भुक्तानी भएको रकम 'जस्ताको तस्तै म कहाँ लिएर आउनु, के गर्नुपर्छ गरौंला' भनी मातहतका कर्मचारीलाई निर्देशन दिएका थिए ।

यता, प्रतितिनिधिसभामा पेश भएको अविश्वासको प्रस्ताव पनि अस्वीकृत भयो, तर, प्रधानमन्त्री सूर्यबहादुर थापाको सत्ताको जग नराम्ररी हल्लियो । कांग्रेस सभापति गिरीजाप्रसाद कोइरालासँगको सत्ता साझेदारीअनुसार थापाले २८ चैत, २०५४ मा राजीनामा दिए ।

अर्थमन्त्री रवीन्द्रनाथ शर्मामाथि सरकार टिकाउन सांसद किन्ने पैसा जुटाउन अनेक भ्रष्टाचार गरेको आरोप लाग्यो । करिव ६ वर्षसम्म उक्त घटनामाथि कुनै छानबिन भएन । २९ फागुन, २०५३ मा लोकेन्द्रबहादुर चन्दको सरकारमा अर्थमन्त्री भएका शर्मा सरकार ढलेर सूर्यबहादुर थापाको सरकार बन्दा पनि उही भूमिकामा रहे ।

२९ चैत २०५४ मा थापा सरकार ढलेपछि मात्रै अर्थमन्त्री शर्मा पनि पदमुक्त भए । २०५३/०५४ को चन्द सरकारमा सहभागी एमाले नेता वामदेव गौतमको गृहमन्त्रीकाल सुन तस्करीका कारण बदनाम थियो । रवीन्द्रनाथ शर्मा अर्थमन्त्री भएका बेला पनि विमानस्थल र अरु भन्सार कार्यालयहरू तस्करीका कारण बदनाम भए ।

सुन तस्करीसँग जोडिएका दर्जनौं घटनाबारे सांसद परि थापा नेतृत्वको संसदीय समितिले अध्ययन नै गरेको थियो । तीमध्ये अधिकांश घटनाको छानबिनको कुनै नतिजा देखिएन । एकैचोटी २०६० सालमा अर्थमन्त्री शर्मा र प्रमुख भन्सार प्रशासक जनार्दन शर्मा जोडिएको नक्कली सुराकीको निर्णयमाथि मात्रै मुद्दा चल्ने निर्णय भयो । यसरी मन्त्रीसमेत मुछिएको एक करोड नौ लाख रुपैयाँ रकम हिनामिनाको सो मुद्दालाई सरकार टिकाउन र ढाल्न भएको भ्रष्टाचारको दुर्लभ उदाहरणको रूपमा लिइन्छ ।

### सुब्बाले पोलेका मन्त्री

नक्कली सुराकी खडा गरी भ्रष्टाचार भएको उजुरी परेपछि अख्तियारले २०६० सालतिर अनुसन्धान थाल्यो । २०५४ सालको घटनामा, प्रमुख भन्सार प्रशासक जनार्दन शर्माले सुराकी रकम उपलब्ध गराउने फैसला गरेपछि नक्कली सुराकीको भुक्तानीका लागि चेक तयार भएको थियो ।

भन्सार कार्यालयले जारी गरेको चेक प्रमुख भन्सार अधिकृत माधवराज पोखरेल अनि नासु कृपासुर शेर्पाले राष्ट्रिय बाणिज्य बैंकमा पुगेर साटेको विवरण माथि नै उल्लेख भइसकेको छ । प्रमुख भन्सार अधिकृत माधवराज पोखरेल अनि नासु कृपासुर शेर्पाले अख्तियारमा दिएको सूचना महत्वपूर्ण प्रमाण बन्यो ।

'सरकार बचाउनु पर्‍यो । खर्च जुटाऊ भनी अर्थमन्त्रीले भन्नुभएको छ, हामीले पनि सहयोग गर्नुपर्छ । रकम अर्थमन्त्री कहाँ गयो, यो कुरा अति गोप्य राख्नू' भन्ने जनार्दन शर्माको भनाइकै आधारमा अख्तियारले मन्त्रीलाई समेत मुद्दा चलायो । साक्षीहरूले अदालतसम्म पुगेर त्यही बयान गरे, कुरा फेरेनन् ।

प्रमुख भन्सार प्रशासक जनार्दन शर्माले भने आरोप स्वीकार गरेनन् । उनले भुक्तानीको बारेमा लेखाका कर्मचारी जवाफदेही हुनुपर्ने बयान दिए । 'फैसला र चेकमा सहीसम्म मैले गरेको हुँ । खर्च लेख्ने आदेश कार्यालय प्रमुखले गर्ने र भौचर लेखा शाखाले उठाउने हो,' जनार्दन शर्माले बयानमा भनेका छन्, 'सुराकी कार्य जोखिमपूर्ण भएकोले व्यक्ति स्वयम् उपस्थित हुन नचाहेमा बैङ्किङ प्रणालीअनुसार भुक्तानी लिने व्यक्तिको निवेदनको सही भिडाई सम्बन्धित व्यक्तिलाई नै गयो भन्ने विश्वास भएपछि भुक्तानी जान्छ ।'

अख्तियारको अनुसन्धानले त्यो रकम तत्कालीन अर्थमन्त्री रवीन्द्रनाथ शर्मासम्म पुगेको खुल्यो । उसले तत्कालीन अर्थमन्त्री रवीन्द्रनाथ शर्मा र प्रमुख भन्सार प्रशासक जनार्दन शर्माविरुद्ध नक्कली सुराकी खडा गरी राज्यकोषको एक करोड नौ लाख रुपैयाँ रकम हिनामिना गरेको आरोपमा भ्रष्टाचारमुद्दा दायर गर्‍यो । अख्तियारले उनीहरूमाथि लगाएको आरोप थियो, 'काल्पनिक सुराकी खडा गरी रकम लिनुखानु गरेको ।' पूर्वअर्थमन्त्री शर्माले अख्तियारमा बयान दिँदै भनेका थिए, 'सुराकी रकम दिनेबारे मन्त्रीस्तर सम्म आउने कुरै छैन । अविश्वासको प्रस्ताव असफल पार्न आर्थिक सहयोग गरेको भन्ने कथन पूर्णरूपले काल्पनिक, असत्य र आधारहीन हो ।'

उनी त्यतिबेलाका राजनीतिज्ञहरू सर्वेन्द्रनाथ शुक्ला र बलाराम घर्ती मगरलाई साक्षी बनाएर विशेष अदालतमा उपस्थित भएका थिए । दुवैले एकै स्वरमा भनेका थिए, 'आरोपमा कुनै सत्यता छैन । अविश्वासको प्रस्तावलाई विफल बनाउन कहीं कतै रकमको लेनदेन भएको छैन ।'

प्रमुख भन्सार अधिकृत माधवराज पोखरेल र तत्कालीन नासु कृपासुर शेर्पाले रकम हिनामिना गर्न मतियारको भूमिका खेले पनि अख्तियारले अनुसन्धानमा सघाएको भन्दै उनीहरूलाई सरकारी साक्षी बनायो, मुद्दा चलाएन । विशेष अदालतले ६ असार, २०६४ मा तत्कालीन अर्थमन्त्री रवीन्द्रनाथ शर्मालाई भने सफाइ दियो । अध्यक्ष भूपध्वज अधिकारी, सदस्यहरू कोमलनाथ शर्मा र चोलेन्द्रशम्शेर जबराले गरेको फैसलामा भनिएको थियो, 'मिसिल संलग्न अन्य प्रमाणहरूबाट सो रकम प्रतिवादी र वीन्द्रनाथ शर्मा समेतले लिए खाएको भन्ने पुष्टि हुन नआएको ।'

प्रमुख भन्सार प्रशासक जनार्दन शर्मा भने भ्रष्टाचारी ठहर भए । उनलाई एक करोड ९ लाख बिगोसहित एक वर्ष कैद सजायको फैसला भयो । विशेष अदालतको फैसलाविरुद्ध उनले २०६४ फागुनमा सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दिए । विशेष अदालतले फैसला गर्दा अख्तियारका प्रमुख आयुक्त सूर्यनाथ उपाध्यायले अवकाश पाइसकेका थिए । आयुक्त ललितबहादुर लिम्बूले कार्यबाहक प्रमुखको जिम्मेवारी पाएका थिए । तत्कालीन अर्थमन्त्री रवीन्द्रनाथ शर्माको सफाइविरुद्ध अख्तियार पनि सर्वोच्च अदालत जानुपर्ने थियो ।

राजदरबारको शुभेच्छामा नियुक्त भएको आरोप खेपेका अख्तियारका कार्यबाहक प्रमुख लिम्बूले राप्रपाका नेताहरूमाथि सदासयता राख्नु स्वभाविकै थियो । अख्तियार प्रमुख लिम्बूले शर्माको संरक्षण गरे, सर्वोच्चमा पुनरावेदन लगेनन् । म्याद सकिएपछि उनीपछिका आयुक्तले निर्णय गर्नसक्ने अवस्था थिएन । शर्माविरुद्ध अनेक उजुरी परिरहेका बेला अख्तियारले उनीमाथि सुन सुराकीको मुद्दा मात्रै लगेन । पदको दुरुपयोग गरी गैरकानुनी सम्पत्ति कमाएको आरोपमा चार करोड ९५ लाख रुपैयाँको अर्को भ्रष्टाचार मुद्दा दायर गर्‍यो ।

*(स्रोत: अनलाइनखबर)*

# 'सारंग' ट्रेलरमा बच्चाहरुको मित्रता र पारिवारिक कलहको कथा



काठमाडौं/अभिनेत्री ऋचा शर्माको मुख्य भूमिका तथा प्रस्तुति रहेको फिल्म 'सारंग'को ट्रेलर सार्वजनिक गरिएको छ ।

बिहीबार युट्युबमार्फत् सार्वजनिक २ मिनेट २३ सेकेण्ड लम्बाईको ट्रेलरमा पारिवारिक कलहले बच्चामा पर्ने मनोवैज्ञानिक असर र एउटै उमेर समूहका दुई अलग आर्थिक हैसियतका बालकहरुको घनिष्ट मित्रतालाई देखाइएको छ । फिल्ममा ऋचाले आमाको भूमिका निभाएकी छन् ।

कोरियोग्राफरको रुपमा परिचित प्रशान्त तामाङको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा ऋचासहित उत्पल झा, सुरज तमु, समीरमणि दीक्षित, मणि के राई, अनिषा न्यौपाने, निरज ब्ल्याक, विश्व स्याङ्बो, दीपिका थापा, सुमन सागर जंग केसी, प्रभात श्रेष्ठ, बालकलाकारद्वय सम्राट थापा र आदित्य कार्की लगायतको अभिनय छ ।

यही माघ २५ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्मको निर्माता प्रेम तामाङ र फूलमाया तामाङ हुन् । पुष्पा लिम्बू र बिनु गुरुङ सह-निर्माता रहेको फिल्ममा शंकर थापा 'स्माइल' र नकुल कार्कीको संगीत, सुष्मा राईको कोरियोग्राफी, गोपाल रायको छायांकन र मित्र डि गुरुङको सम्पादन छ । फिल्मले बाल मनोविज्ञान र धनी-गरिबबीचको बढ्दो खाडलको कथा देखाउने जनाइएको छ ।

# 'जुना'को 'आमाको मुहार' गीतमा अस्मिताको पीडा



काठमाडौं/बाल विवाह र महिला हिंसाविरुद्धको कथामा बनेको फिल्म 'जुना:एक व्यथा'को पहिलो गीत 'आमाको मुहार' सार्वजनिक गरिएको छ । यदु राई लकान्द्रीको पार्श्व गायन, जीवन सेन्चुरीको शब्द तथा रमेश सन्चुरीको संगीत रहेको गीतको भिडियोमा फिल्मकी मुख्य पात्र अस्मिता ढकालले बाल विवाह गरेर श्रीमानको घरमा गएपछि भोग्नु परेको पीडा र यातनालाई मर्मस्पर्शी रुपमा देखाइएको छ ।

यही माघ २५ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्ममा अस्मितासहित कृष्णप्रसाद धिताल, देशभक्त खनाल, रश्मी भट्ट, कमल बोहोरा, अस्मिता बस्नेत, खगेन्द्र न्यौपाने, विकास आनन्द, इन्द्र बिके, केशव अधिकारी लगायतको अभिनय छ । जीवन सेञ्चुरीको निर्देशनमा तयार भएको फिल्मका निर्माता दीपकप्रसाद घिमिरे हुन् ।

वर्षौंदेखि नेपाली समाजमा व्याप्त महिला हिंसा, बाल विवाह, अनमेल विवाह, बहुविवाह, बलात्कार, जबरजस्ती करणी, छाउपडी जस्ता कुप्रथालाई अन्त्य गर्ने राष्ट्रिय आवश्यकतालाई फिल्मको माध्यमबाट सम्बोधन गर्ने प्रयास गरिएको निर्देशक सेञ्चुरीको भनाइ छ । यो फिल्ममा राजबहादुर सानेको कथा लेखन, बीबी अनुरागी र रमेश सेञ्चुरीको संगीत तथा रामेश्वर हुमागाईंको डीओपी छ ।

# 'एक्टर'मा 'सुपरस्टार'को ट्यागबारे के भन्छन् प्रदीप ?



काठमाडौं/नेपाली फिल्म क्षेत्रमा कलाकारलाई 'ट्याग' दिने प्रचलन सामान्य भइसकेको छ । 'महानायक', 'एक्सन स्टार', 'मेगास्टार', 'सुपरस्टार' जस्ता 'ट्याग' बुक भइसकेका छन् । यतिबेला अभिनेता प्रदीप खड्कालाई फिल्म 'एक्टर: टेक वन'को ट्रेलरमा 'सुपरस्टार'को ट्याग दिएको विषय चर्चामा छ । यो 'ट्याग' उनकै चाहनामा राखिएको हो वा निर्माता/निर्देशकले दिएका हुन् भन्ने चासो धेरैमा देखिन्छ ।

बिहीबार पत्रकार भेटघाटमा प्रदीप आफैंले 'सुपरस्टार' ट्यागको प्रसंग कोट्याए । यो 'ट्याग' राख्न आफूले कुनै दबाब नदिएको उनको भनाइ छ । भन्छन्, 'फिल्ममा निर्देशकले मलाई 'सुपरस्टार' भनेर लेख्नुभयो । मैले नलेख्नै सुझाव दिएको थिएँ । तर, मैले रोक्न सकिनँ ।' उनी कुनै 'ट्याग'बाट भन्दा पनि कलाकारको रुपमा चिनिँदा आफूलाई खुसी लाग्ने बताउँछन् ।

'एक-दुई दिनयता म सोचिरहेको छु कि बलिउडमा 'सुल्तान' खेलेर कलाकारलाई सुल्तान भनेजस्तै 'एक्टर' रिलिज भएपछि 'एक्टर प्रदीप' भनिन थालियो भने त्यो चाहिँ ठूलो उपलब्धि हुन्छ होला । यसरी सम्बोधन भए म पनि हर्षित हुने थिएँ,' उनी भन्छन्, 'कसैले मलाई 'स्टार' र 'सुपरस्टार' बनाए पनि खासमा बन्नुपर्ने भनेको त एक्टर हो । त्यसमाथि 'एक्टर' शीर्षकमै फिल्म बनेको छ ।'

फिल्ममा प्रदीपलाई 'सुपरस्टार'को ट्याग दिएको विषयमा निर्देशक तथा लेखक राजन भुसालले पनि प्रष्ट पार्ने प्रयास गरे । दर्शकले प्रदीपलाई 'सुपरस्टार'को रुपमा स्वीकार गरिसकेको अवस्थामा यो 'ट्याग' दिन बरु ढिलाइ भएको उनको बुझाइ छ । नेपाली फिल्ममा प्रदीपले दिएको योगदानको आधारमा 'सुपरस्टार' ट्याग पनि सानो हो भन्ने उनलाई लाग्छ ।

'ट्याग भनेको कसैले दिएर वा नदिएर हुने कुरा होइन । मैले 'एक्टर' फिल्म प्रदीपजीलाई लिएर बनाउँदैछु भनेर कुरा गर्दा भेटेका जति सबैले 'सुपरस्टार प्रदीप खड्का' भन्नुहुन्थ्यो । यसको मतलब उहाँलाई सुपरस्टारको रुपमा जनताले नै स्वीकार गरिसक्नुभएको छ,' निर्देशक भुसाल भन्छन्, 'उहाँले फिल्म क्षेत्रमा दिनुभएको योगदानको हिसाबले त 'सुपरस्टार' ट्याग पनि सानो हो भन्ने लाग्छ ।'

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# समपूरक अनुदानको नयाँ ब्यवस्था, कैलाश र राक्सिराङले धेरै पाउने

साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ संघीय सरकारले स्थानीय तहलाई नयाँ तरिकाले विभाजन गरेर समपूरक अनुदान दिने भएको छ । यसका लागि राष्ट्रिय योजना आयोगले स्थानीय तहलाई ७ वर्गमा वर्गीकरण गरेको छ ।

'क' बर्गका स्थानीय तहले ८० प्रतिशतसम्म अनुदान पाउने भएका छन् । 'क' बर्गमा १५५ वटा स्थानीय तह छन् । मकवानपुरको कुनैपनि स्थानीय तह 'क' बर्गमा परेका छैनन् । ७० प्रतिशतसम्म अनुदान दिइने 'ख' बर्गका स्थानीय तहमा मकवानपुरको कैलाश गाउँपालिका र राक्सिराङ गाउँपालिका रहेका छन् ।

६० प्रतिशतसम्म अनुदान पाउने स्थानीय तहमा मकवानपुरका बागमती गाउँपालिका, भीमफेदी गाउँपालिका र ईन्द्रसरोवर गाउँपालिका रहेका छन् । त्यस्तै ५० प्रतिशतसम्म अनुदान पाउने स्थानीय तहमा मकवानपुरगढी गाउँपालिका र बकैया गाउँपालिका रहेका छन् । ४० प्रतिशतसम्म अनुदान पाउने स्थानीय तहमा मकवानपुरगढी गाउँपालिका, बकैया गाउँपालिका, मनहरी गाउँपालिका रथाहा नगरपालिका रहेका छन् । २० प्रतिशतसम्म मात्रै अनुदान दिइने स्थानीय तहमा हेटौंडा उपमहानगर पालिका परेको छ ।

स्थानीय तह एक्लैले निर्माण गर्न नसक्ने ठूला पूर्वाधारमा प्रदेश तथा केन्द्र सरकारसँगको साझेदारीमा निर्माण गर्न समपूरक अनुदानको व्यवस्था गरिएको छ । यस्ता परियोजना निर्माणको लागि लाग्ने लागतमा हिस्सा विभाजन गरिन्छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को व्यवस्था प्रदेश तथा केन्द्र सरकारले यस्ता परियोजनामा थप लगानी गर्न सक्ने व्यवस्था गरिएको छ । यसअघिको कार्यविधि खारेज गरेर नयाँ कार्यविधि बनाइएको हो ।

यसअघि काठमाडौं महानगरपालिका वा डोल्पाको डोल्पोबुद्ध गाउँपालिका (धेरै राजस्व स्रोत भएका र अतिकम स्रोत भएका) सबैको लागि अधिकतम ५० प्रतिशतसम्म लागत संघीय सरकारले र न्यूनतम ५० प्रतिशत लागत स्थानीय तहले बेहोर्ने गरी कार्यविधि बनाइएको थियो । अब भने स्थानीय तहको राजस्व स्रोत अवस्था हेरेर २० देखि ८० प्रतिशतसम्म उपलब्ध गराइने भएको छ । 'आर्थिक स्रोत राम्रो भएका र कमजोर भएका सबै पालिकालाई समान तरिकाले अनुदान उपलब्ध गराउदा पूर्वाधार विकासमा असमनाता बढ्ने भएकोले नयाँ वर्गीकरण गरेर अनुदान दिन खोजिएको हो' राष्ट्रिय योजना आयोगका उपाध्यक्ष शिवराज अधिकारीले बताए ।

स्थानीय तहलाई ७ वर्गमा वर्गीकरण गर्ने क्रममा सम्बन्धित स्थानीय तहले अहिले संकलन गर्न सकेको राजस्वको अवस्था तथा भविष्यमा संकलन गर्न सक्ने राजस्वको अवस्थालाई विश्लेषण गरिएको बताइएको छ ।

यही आधारमा सबभन्दा कमजोर स्रोत भएकोलाई 'क' बर्गमा राखिएको छ । सबभन्दा राम्रो अवस्था भएकोलाई 'छ' बर्गमा राखिएको छ । 'क' बर्गमा पर्ने स्थानीय तहको हकमा स्थानीय तहले न्यूनतम २० र केन्द्रीय सरकारले अधिकतम ८० प्रतिशत रकम विनियोजन गर्ने व्यवस्था गरिएको हो ।

# थाहामा गोठ जलेर नष्ट हुँदा ६ वटा बाख्रा मरे



साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ मकवानपुरको थाहा नगरपालिका-१ मा एउटा गोठमा आगलागी हुँदा ६ वटा बाख्राको मृत्यु हुनुका साथै लाखौको क्षति भएको छ ।

झम्केश्वरी नजिकै रहेको गोठमा बुधबार दिउँसो कृष्णबहादुर तामाङको गोठमा लागेको आगोमा परी गोठ पूर्ण रुपमा जलेर नष्ट भएको थाहा नगरपालिका विपद व्यवस्थापन शाखाप्रमुख अनिल लामिछानेले जानकारी दिए । शाखा प्रमुख लामिछानेका अनुसार-आगोमा परी ६ वटा बाख्रा तथा पाठा मरेका छन् । तीमध्ये ३ वटा ब्याउने माउबाख्रा रहेका थिए ।

धादिङ घर भएका कृष्णबहादुर तामाङ दम्पत्ती गोठमा बसी जग्गा जमिन कमाउँदै आएका थिए । यसैबीच आगलागीमा परी ५५ वर्षीय तामाङ पनि घाइते भएका छन् । उनको हातमा चोट लागेको छ । गोठमा लागेको आगो अन्यत्र फैलन नदिनका लागि इलाका प्रहरी कार्यालय पालुङ तथा स्थानीयले नियन्त्रणमा लिएका थिए ।

# मनहरीको आमाघर: बेसहारा आमाहरुको सहारा



साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ मकवानपुरको पश्चिमीक्षेत्रस्थित मनहरी गाउँपालिकामा रहेको आमाघर बेसहारा वृद्धा (आमा) हरुको सहारा बनिरहेको छ । घरबार विहीन वृद्धाहरुलाई आमाघरले आश्रय दिइरहेको छ ।

आमाघरमा बस्दै आएकी ६६ वर्षीया शाकुन्तला गाडिया फूलबिरुवाको रेखदेखमा दिनभर बिताउँछिन् । उनकै उमेर वयकी ममता शर्मा भान्छामा खाना पकाइ रहेकी छिन् । यसरी वृद्धाहरु आफूलाई व्यस्त बनाइरहेका छन् । आमाघरमा शाकुन्तला र ममता जस्तै ९ जना आमाहरुले आश्रय लिइरहेका छन् । आश्रममा आठ पुरुष र चार बालबालिका पनि आश्रित छन् ।

३ कठ्ठामा फैलिएको आमाघरमा तरकारी खेतीदेखि गाईपालनसम्म गरिएको छ । यहाँको उत्पादन आश्रममा आश्रितहरूका निम्ति खपत भइरहेको छ । ब्रह्मकुमारी राजयोग मनहरी उपशाखा संचालन गर्दै आएका विजयराज सिग्देलले पीडादायी र कष्टकर जीवन व्यतित गरिरहेका आमाहरुलाई आश्रय दिनका लागि आमाघर निर्माण गरिएको बताए । २०७५ सालदेखि संचालनमा आएको आमाघरमा ८० जनालाई आश्रय दिने क्षमता रहेको छ । यहाँ आश्रित ममता शर्माले आश्रममा बस्दा आफूहरूको मन शान्त भएको बताइन् ।

थाहा भनेर चिनिने स्व. रुपचन्द्र विष्टको स्मरणमा आमाघर भित्र करिब ५ सय अट्ने पुस्तकालय पनि संचालनमा ल्याइएको छ । विभिन्न तहका सरकार र दातृ निकायको सहयोगमा करिब १७ करोड ८० लाख रुपैयाँको लागतमा आमाघर र सँगै पिसपार्क निर्माण गरिएको छ । पिसपार्क भने १२ बिघा जमिनमा फैलिएको छ । आश्रमका अध्यक्ष रामचन्द्र उप्रेतीले असहाय आमाहरूलाई नि:शुल्क सेवा दिनका लागि आफूहरूले आमाघर संचालनमा ल्याएको बताए ।

## सरकारी कामकाजी भाषा सम्बन्धी विधेयक :

# मधेश सरकारबाट थारू भाषालाई बाइपास, हिन्दीलाई काँध

काठमाडौं, १० माघ/ मधेश प्रदेश सरकारले प्रदेशको सरकारी कामकाजीको भाषा विधेयक, २०८१ मा थारु भाषालाई छुटाएपछि विरोध भएको छ । भाषा आयोगले सरकारी कामकाजको भाषा बनाउन सिफारिस गरेको मातृ भाषा थारूलाई छुटाइए पछि विरोध भएको हो ।

बुधबार शिक्षा तथा संस्कृति मन्त्री रानीकुमारी शर्मा तिवारीले पेश गरेको विधेयकमा नेपाली भाषाका अतिरिक्त मैथिली, भोजपुरी, बज्जिका, हिन्दी र अंग्रेजीलाई सरकारी कामकाजको भाषा बनाउन प्रस्ताव गरिएको छ । मन्त्री तिवारीले हिन्दी भाषालाई पनि कामकाजीमा राख्नुको कारणबारे भनिन्, 'सदनमा कतिपय सांसदहरूले हिन्दी भाषामै सम्बोधन गर्नुहुन्छ । मधेशमा बोलिने अन्य भाषालाई पनि हिन्दीले जोड्ने काम गर्छ । त्यसकारण हिन्दी बोल्न र सम्झिन सहज छ यहाँका मानिसलाई । त्यसकारण हिन्दी भाषालाई पनि कामकाजी भाषाको रुपमा राखिएको छ ।'

मन्त्री तिवारीले विधेयकमा थारू भाषालाई पनि समेट्नुने क्याबिनेटमा सहमति भएपनि संशोधन नगरीकनै सदनमा पेश भएको बताइन् । विधेयक छलफलका लागि पेश भएको भन्दै उनले संशोधनको सम्भावना भने कायमै रहेको बताइन् ।

भाषा आयोगले मधेश प्रदेशमा सिफारिस गरेका सरकारी कामकाजको सूचीमा सबैभन्दा माथि मैथिली भाषा छ । मैथिली भाषी ४१.७३ प्रतिशत रहेको उल्लेख छ । त्यसपछि क्रमश: भोजपुरी १८.८१ प्रतिशत, बज्जिका १८.४४ प्रतिशत, नेपाली ५.७६ प्रतिशत, थारू ४.१७ प्रतिशत, उर्दू ४.८ प्रतिशत, मगही ३.५२ प्रतिशत, तामाङ १.६५ प्रतिशत, मगर ढुट ०.७३ प्रतिशत र हिन्दी ०.२३ प्रतिशतले बोल्ने गरेको उल्लेख छ ।

तर, पाँचौं क्रममा रहेको थारुलाई छुटाएर पुछारमा रहेको हिन्दी र सिफारिसमै नपरेको अंग्रेजीलाई सरकारी कामकाजको भाषाको रुपमा राख्न प्रस्ताव गरिएको छ । भाषा आयोगका अध्यक्ष गोपाल ठाकुरले प्रदेश सरकारलाई सरकारी कामकाजको भाषा सिफारिस गर्दा २ वटा भाषिक प्राथमिकताका आधारमा दिने गरेको तर सांसदहरुले आफूखुसी गर्ने गरेको गुनासो गरे । 'हामीले प्रदेश सरकारलाई सरकारी कामकाजको भाषा सिफारिस गर्दा २ वटा भाषिक प्राथमिकताका आधारमा र ३ वटा भाषा ६ प्रतिशत भन्दा बढी वा बाहुल्यताका आधारमा सिफारिस गर्ने निर्णय गरेका छौं,' उनले भने, 'तर त्यसमा राजनीतिक दलका सांसदहरूले आफूखुसी गर्ने गरेका छन् ।'

**विभेदको राजनीति गरेको आरोप**

विधेयकको दफा ३ मा सरकारी कामकाजको भाषाको प्रयोगबारे दफा २ को लेखिएको छ, 'उपदफा (१)को प्रयोजनका लागि देवनागरी लिपिमा लेखिने नेपाली भाषाका अतिरिक्त मैथली, भोजपुरी, बज्जिका, हिन्दी र अंग्रेजी भाषाहरुको लागि देवनागरी लिपि र अंग्रेजी भाषाको रोमन लिपी सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गरिनेछ । नेपाली भाषा बाहेक सरकारी कामकाजको भाषामा लिखत तयार गर्दा नेपाली भाषाको अनुवाद पनि प्रस्तुत गर्नु पर्नेछ ।' तर थारू, उर्दू, मगही, तामाङलगायत मातृभाषा कतै उल्लेख गरिएको छैन। यसको साटो एकै पटक हिन्दी र अंग्रेजी भाषाको रोमन लिपी सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गरी दस्तावेजीकरण र अभिलेखीकरण गरिने भनेर किटान गरिएको छ ।

त्रिभुवन विश्वविद्यालय केन्द्रीय विभाग कीर्तिपुरका भाषा विशेषज्ञ प्रा. डा. दानराज रेग्मी भाषा आयोगले सिफारिस गरेको बाहुल्य मातृ भाषाको क्रमांक अनुसार सरकारी कामकाजमा ल्याउनु पर्ने बताउँछन् । मधेशमा रहेका मातृभाषालाई प्रवर्द्धन गर्नुपर्ने बताउँदै उनले भने, 'जुन प्रदेशमा जुन मातृभाषाको बाहुल्यता छ, क्रमश: सोही अनुसार भाषाको प्रोत्साहन र प्रवर्द्धन गर्नुपर्छ । तर यहाँ त भाषामाथि चरम राजनीति देखियो । पुछारमा रहेको हिन्दी भाषालाई काँधमा बोकेर मन्त्री र सांसदले हिँडेको देख्दा अचम्म लाग्यो ।'

यो मातृभाषामाथि चरम विभेदको राजनीति भएको टिप्पणी गरे । 'राजनीति र पावरको भरमा थारूलगायत अन्य मातृभाषालाई यसरी दबाए उसको अस्तित्व नै समाप्त हुने खतरा बढ्छ,' उनले भने । अर्का भाषाविज्ञ डा. तारामणि राईले मातृभाषालाई मलजल गर्नुको साटो पपुलारिटी र पावरको पछि लागेमा विदेशीको भाषाले नेपाल खाने र मातृभाषाको पहिचान समाप्त हुने चिन्ता व्यक्त गरे ।

'सरकारले भाषा आयोग किन बनायोभन्दा मातृभाषाहरूको संरक्षण गर्न र जनतामा सरकारको सेवा सहज तरिकाले पुगोस् भनेर हो । अहिले गोरखापत्रले नयाँ नेपालमार्फत मातृभाषाहरूको प्रवर्द्धन पनि यही सरकारी कामकाजलाई सहज होस् भनेर गरिरहेको छ । तर मन्त्री, सांसद वा बहुदल वा बहुमतको बलमा भाषामाथि राजनीति गर्नु भनेको भाषा र पहिचानमाथि हिलो छ्याप्नु हो,' उनी भन्छन् ।

**सदन अवरुद्ध गर्ने थारु सांसदहरूको चेतावनी**

मधेश प्रदेशका सत्ता साझेदार मन्त्री र सांसदहरूले पनि सरकारले ल्याएको उक्त विधेयकप्रति आपत्ती जनाएका छन् । उनीहरुले विधेयकमा थारु भाषा नसमेटिए सदन चल्न नदिने चेतावनी दिएका छन् ।

सरकारका गृह तथा सञ्चारमन्त्री राजकुमार लेखीले नै विधेयकप्रति आपत्ती जनाए । उनले विधेयकमा मधेशको ८ वटै जिल्लामा बोलिने थारू भाषालाई लत्याएर पुछारमा रहेको हिन्दी र अंग्रेजी राखेर राजनीतिकरण गरिएको बताए । उनले संचारकर्मीसँग भने, 'मैले मन्त्रिपरिषद्को बैठकमा पटक-पटक रातो कलमले घेरा गरेर थारू भाषा राख्न सहमति गराएर पठाएँ । तर संस्कृति मन्त्रीज्यूले थारू भाषालाई बाइपास गरेर विधेयक सदनमा पेश गरिदिनुभयो । जुन गम्भीर आपत्तिजनक छ ।' सरकारी कामकाजको भाषामा थारूलाई छुट्टाउनै नहुने भन्दै उनले विधेयकमा अब संशोधन दर्ता गर्ने बताए ।

'थारू भाषीमाथिको अन्याय गरिएको छ,' उनी भन्छन्, 'हामी थारू भाषा सरकारी कामकाजको भाषा बनाइयोस् भनेर संशोधन दर्ता गर्छौं । यतिले नमाने आन्दोलन गर्छौं ।' नेकपा एमालेका सांसद राजेन्द्र चौधरीले पनि थारू भाषालाई बाइपास गरेर विधेयक ल्याएकोमा आक्रोश व्यक्त गर्दै थारू भाषालाई सरकारी कामकाजको भाषा नबनाएसम्म सदन अवरोध गरिरहने चेतावनी दिए ।

*(स्रोत: अनलाइनखबर)*

# ६ महिनामा साढे १० करोड बढी राजस्व संकलन

साझाकुरा संवाददाता



हेटौंडा, १० माघ/ हेटौंडा उपमहानगरपालिकाले आर्थिक वर्ष (आव) २०८१/८२ को ६ महिनामा १० करोड ७४ लाख रुपैयाँभन्दा बढी राजस्व संकलन गरेको छ ।

उपमहानगरपालिकाको राजस्व शाखाप्रमुख मनोज सुवेदीका अनुसार चालु आवको साउनदेखि पुससम्ममा उपमहानगरपालिकाले विभिन्न शीर्षकमा १० करोड ७४ लाख ३७ हजार ९९३ रुपैयाँ राजस्व संकलन गरेको हो ।

चालु आवको ६ महिनामा सम्पत्ति करबाट ४ करोड ९४ लाख ६१ हजार, घर बहाल करबाट २ करोड ८१ लाख ७३ हजार, नक्सापास दस्तुरबाट २ करोड ७६ लाख ६५ हजार, पूर्वाधार सेवाको उपयोगमा लाग्ने करबाट २ करोड १८ लाख ७५ हजार संकलन भएको छ ।

यस्तै, सिफारिस दस्तुर बाट १ करोड ६२ लाख ८३ हजार, बहाल बिटोरी करबाट १ करोड ३३ लाख ९२ हजार, व्यवसाय करबाट १ करोड ८३ लाख ११ हजार राजस्व संकलन भएको प्रमुख सुवेदीले जानकारी दिए । बक्यौता असुलीमा गरिएको कडाइ, करको दर र दायरा दुवैमा भएको वृद्धि, नक्सा अभिलेखीकरण तथा आन्तरिक आयस्रोतमा भएको वृद्धिलगायत कारणले चालु आवको ६ महिनामा राजस्व संकलनमा वृद्धि भएको प्रमुख सुवेदीको भनाइ छ ।


## हेटौंडा उपमहानगरपालिका ११ नं. वडा कार्यालयको

**सूचना ! सूचना ! सूचना !**

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० बर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० बर्षभन्दा कम उमेरमै विवाह गर्नु/ गराउनु अपराध हो । बाल विवाह गर्ने, गराउन र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ ।

मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ मा भएको व्यवस्था बमोजिम विवाह गर्ने व्यक्तिको उमेर बीस बर्ष नपुगी विवाह गर्न वा गराउनु हुँदैन यदी गर्ने वा गराउने गरेमा तीन बर्षसम्म कैद र तीस हजार रुपैयासम्म जरिवाना हुने कानुनी व्यवस्था रहेको छ ।

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

जुना दाहाल (वडा अध्यक्ष) तथा
**११ नं. वडा कार्यालय, परिवार**

## लागु औषधबाट बचौं र बचाऔं !

औषधको उत्पादन सञ्चय ओसार पसार, बिक्री बितरण तथा सेवन कानूनत: दण्डनीय अपराध हो । यस्ता गैर कानूनी गतिबिधीमा आफ पनि नलागौं अरुलाई पनि लाग्न नदिऔं । लागु औषधको दुरुपयोगको बारेमा सचेत बनौं । स्वस्थ्य र सुखी परिवार समुन्नत समाजको लागी लागु औषधको दुर्व्यसनलाई निरुत्साहन गरौं ।

हेटौंडा उपमहानगरपालिका
**१७ नं. वडा कार्यालय**
हेटौंडा, मकवानपुर

## हार्दिक बधाई तथा शुभकामना



राजु अधिकारी
वाणिज्य उपाध्यक्ष



प्रतिमा श्रेष्ठ
महासचिव



तेजराज अधिकारी
कोषाध्यक्ष



नेत्रप्रसाद खतिवडा
वस्तुगत सचिव



सन्तोष घिमिरे
वस्तुगत सचिव

मकवानपुर उद्योग वाणिज्य संघको हालै सम्पन्न ५८ औं वार्षिक साधारणसभा (पुस २४-२७) बाट यस सहकारी संस्था आदरणीय अध्यक्ष **राजु अधिकारी** वाणिज्यतर्फ उपाध्यक्ष, निवर्तमान अध्यक्ष **प्रतिमा श्रेष्ठ** महासचिव, शेयर सदस्य **तेजराज अधिकारी** कोषाध्यक्ष, **नेत्रप्रसाद खतिवडा** वस्तुगततर्फ सचिव र **सन्तोष घिमिरे** कार्यसमिति सदस्य निर्वाचित हुनुभएकोमा उहाँहरु लगायत नवनिर्वाचित तथा मनोनित पदाधिकारी तथा सदस्य ज्यूहरुमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि., परिवार**
हेटौंडा-२, बुद्धचोक


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना